राजधानी, २०७२/१२/१३

# हेवाखोला जलविद्युत्को वित्तीय व्यवस्थापन

संखुवासभामा निर्माणाधीन ८ दशमलव ५ मेगावाटको अपर हेवाखोला साना जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ । १ अर्ब ४० करोड लागत रहेको आयोजनाका लागि ९८ करोड रुपैयाँबराबरको ऋणसम्झौता भएसँगै वित्तीय व्यवस्थापन भएको हो ।

एनएमबी बैंक लिमीटेडको अगुवाइमा नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडको सहवित्तीयकरणमा परियोजना कर्जाका रूपमा ऋणसम्झौता भएको आयोजनाले जनाएको छ । शुक्रबार आयोजित सम्झौता कार्यक्रममा एनएमबीका प्रमुख कार्यकारी अधिकृत उपेन्द्र पौडेल र कम्पनीका अध्यक्ष केशबबहादुर रायमाझीलगायतले ऋण सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

कम्पनीका अध्यक्ष रायमाझीले कोशी कोरिडोरको प्रसारण लाइन र सवस्टेसन समयमै बनेमा दुई वर्षभित्र आयोजना सम्पन्न भइसक्ने बताए । कार्यकारी अधिकृत उपेन्द्र पौडेलले आयोजनाका प्रवद्र्धकहरू अनुभवी रहेकाले समयमै आयोजना सम्पन्न हुनेमा विश्वास व्यक्त गर्दै बैंकका तर्फबाट कुनै किसिमको समस्या आउन नदिनेसमेत बताए ।

संखुवासभा जिल्लाको जलजला गाविस र चैनपुर नगरपालिकाबीच भएर बग्ने हेवाखोलाबाट विद्युत् उत्पादन गर्न २०६६ सालमा विद्युत् उत्पादनको सर्वेक्षण र २०७२ साल वैशाखमा विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गरेको थियो भने गत पुसमा विद्युत् खरिदबिक्री सम्झौता (पीपीए) भएको थियो ।

आयोजनाले २०७६ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ । आयोजनाको संस्थापक सेयरमा लगानी गर्न आयोजना प्रभावित क्षेत्रका स्थानीय जनता अति उत्साहित रहेकाले प्रभावित क्षेत्रका स्थानीय जनतालाई सेयर लगानीमा विशेष प्राथमिकता दिने आयोजनाका प्रबन्धकले जानकारी दिए ।

कान्तिपुर, २०७२/१२/१३

# कसरी सम्भव छ दस वर्षमा १० हजार मेगावाट ?

*बलराम बानियाँ*

- हाल उत्पादित – ७७६ मेगावाट (४८ आयोजना)
- निर्माणाधीन – २३८२ मेगावाट (९९ वटा आयोजना)
- निर्माण तथा उत्पादन लाइसेन्स लिएका – ५१२८ मेगावाट (१७६ आयोजना)
- विद्युत खरिद सम्झौता भइसकेका – २५६८ मेगावाट (७९ आयोजना)
- प्रसारण लाइन जोड्ने सहमति भइसकेका – ११०० मेगावाट (५३ आयोजना)

नेपालको राजधानी काठमाडौंमा तत्कालीन राणा शासकका दरबार र भाइभारदारको घरमा बिजुली बलेको १ सय ४ वर्ष पुरा भइसकेको छ, अर्थात् मुलुकमा जलविद्युत उत्पादन सुरु भएको १ सय ४ वर्ष पुगेको छ । भारतमा उपनिवेश शासन चलाइरहेको बेलायतको तत्कालीन इस्ट इन्डिया कम्पनी सरकारको सहयोगमा नेपालले १९६८ सालमा फर्पिङमा ५ सय किलोवाट जलविद्युत आयोजना बनाएर राजधानीमा बिजुली बालेको हो । त्यतिबेला एसियामात्रै होइन, संसारका धेरै कम मुलुकमा मात्र बिजुली थियो । बिजुली बालेको यति लामो समय भइसक्दा पनि नेपालमा जम्मा ५९ प्रतिशत नेपालीको घरमा मात्र बिजुली पुगेको छ, त्यो पनि हिउँद याममा सरदर दिनको १३ घन्टासम्म लोडसेडिङको मार खेपिरहनुपरेको छ । भारतबाट ३ सय १५ मेगावाटको हाराहारीमा बिजुली आयात नगरेको भए हिउँद याममा लोडसेडिङ दैनिक १८ घन्टासम्म हुने थियो । अझ बिजुली नै देख्न नपाएका ४१ प्रतिशत जनतासम्म कहिले विद्युत पुग्ने हो ? कल्पना गर्न पनि गाह्रो छ । यति लामो इतिहास भए पनि १ सय ४ वर्षमा नेपालले बनाएका विद्युत आयोजनाहरूबाट हाल जम्मा ८२९ मेगावाट (५३ मेगावाटको थर्मल (तापीय) विद्युतसमेत) मात्र उत्पादन हुन्छ । सरकारले यस वर्षको हिउँदमा इन्धन अभावले तापीय विद्युत आयोजना सञ्चालन नै गरेन ।

कुलेखानी पहिलो र दोस्रो गरी ९२ मेगावाट बाहेक मुलुकका सबै विद्युत आयोजना 'रन अफ रिभर' (नदीमा प्रवाह हुने पानीमा आधारित) हुन्, जसबाट हिउँद याममा विद्युत उत्पादन घटेर २ सय ५० मेगावाटसम्म झर्छ । जबकि मुलुकमा विद्युतको माग हाल १३ सय मेगावाटभन्दा बढी छ । वर्षायाममा समेत मागको ६३.७६ प्रतिशत तथा अझ हिउँद याममा मागको ३० प्रतिशतको हाराहारीमा मात्र बिजुली उत्पादन हुने कहालीलाग्दो स्थिति छ ।

यही बीचमा सरकारले दुई वर्षभित्रै मुलुकलाई पूर्णरूपमा लोडसेडिङमुक्त बनाउने र १० वर्षभत्र थप १० हजार मेगावाट विद्युत उत्पादन गर्ने महत्त्वाकांक्षी योजना अघि सारेको छ । मन्त्रिपरिषदले फागुन ६ मा राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दसकको अवधारणा सहितको कार्ययोजना पारित गरी कार्यान्वयन गर्ने घोषणा गरेको छ । त्यसमा आगामी वर्षभित्र उपभोक्तालाई ठूलो राहत हुनेगरी लोडसेडिङ अन्त्य गर्ने र दुई वर्षभित्रै स्वदेशमै उत्पादित जलविद्युतबाट मुलुकलाई लोडसेडिङमुक्त बनाउने

सरकारको लक्ष्य छ । मुलुकलाई दुई वर्षमै उज्यालो बनाउने, १० वर्षमा ६/७ हजार मेगावाटभन्दा बढी बिजुली भारत र बंगलादेशमा निर्यात गर्ने सरकारको यो महत्त्वाकांक्षी कार्ययोजना साकार होला त भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ । १ सय ४ वर्षमा जम्मा ८ सय २९ मेगावाटमात्र बिजुली उत्पादन गर्नसकेको सरकारले आगामी दस वर्षमै १० हजार मेगावाट बिजुली उत्पादन गर्न सक्ला त ? विश्वास गर्न धेरै गाह्रो छ । सरकारले यसअघि पनि पटक—पटक ऊर्जा संकटकाल घोषणा गरी कार्ययोजना अघि सारेको थियो । ती कार्ययोजना कुनै पनि सफल भएनन् । यस पटकको कार्ययोजनाको हविगत पनि त्यस्तै हुने हो कि भन्ने आशंका छ ।

कति आयोजना निर्माणाधीन ?

अबको १० वर्षमा थप १० हजार मेगावाट बिजुली निकाल्न असम्भव भने छैन । किनकि मुलुकमा हाल ९९ वटा जलविद्युत आयोजना निर्माणाधीन छन्, तिनको क्षमता २३ सय ८२ मेगावाटभन्दा बढी छ । विद्युत प्राधिकरण र त्यसका सहायक कम्पनीले निर्माण गरिरहेका विद्युत आयोजनाहरूको उत्पादन क्षमता हजार मेगावाटभन्दा बढी छ । स्वदेशी र विदेशी लगानीकर्ताबाट हाल निर्माणाधीन जलविद्युत आयोजनाको क्षमता १३ सय मेगावाटको हाराहारीमा छ । सर्वेक्षण तथा उत्पादन लाइसेन्स लिएर अध्ययन गरिरहेका आयोजना ७९ वटा छन्, तिनको कुल विद्युत उत्पादन क्षमता ५ हजार १ सय २८ मेगावाट छ । विद्युत प्राधिकरणसित विद्युत खरिद सम्झौता (पीपीए) गरिसकेका १ सय ७४ वटा छन्, तिनको कुल उत्पादन क्षमता २ हजार ५ सय ६८ मेगावाट छ । राष्ट्रिय प्रसारण लाइनमा विद्युत जोड्न सम्भव छ भनेर प्राधिकरणले सहमति दिएका ५३ वटा आयोजना छन्, तिनको कुल उत्पादन क्षमता १ हजार १ सय मेगावाट छ ।

कार्ययोजनामा आगामी वर्ष विद्युतको माग १ हजार ४ सय २३ मेगावाट पुग्ने प्रक्षेपण छ । एक वर्षभित्र केही निर्माणाधीन आयोजना सम्पन्न भई २ सय मेगावाट बिजुली उत्पादन हुने र नेपाल–भारतबीच ढल्केवर–मुजफ्फरपुर अन्तरदेशीय लाइनमा २२० केभीको सबस्टेसन निर्माण सम्पन्न हुने र अन्य प्रसारण नाकाको स्तरोन्नतिबाट भारतबाट थप ६ सय मेगावाट बिजुली ल्याउने योजना सरकारको छ । त्यति गरिसकेपछि वर्षायाममा लोडसेडिङ नहुने र हिउँद याममा समेत लोडसेडिङ आधारभूत रूपमा घट्ने प्रक्षेपण ऊर्जा मन्त्रालयको छ । २०७५ सालसम्ममा मुलुकमा बिजुलीकै माग १ हजार ८ सय ३७ मेगावाट पुग्नेछ भने त्यतिबेला प्राधिकरण र उसका सहायक कम्पनीबाट निर्माणाधीन आयोजना सम्पन्न भई ८ सय ३० र निजी प्रबद्र्धकहरूका आयोजनाबाट ६ सय मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ भने सौर्य ऊर्जा लगायतबाट थप २ सय मेगावाट बिजुली उत्पादन भइसक्ने अनुमान सरकारको छ । त्यतिबेला मुलुकको कुल विद्युत उत्पादन २ हजार २ सय ९ मेगावाट पुग्नेछ, त्यतिबेला वर्षामा बिजुली बढी हुनाले भारतमा निर्यात गर्नुपर्ने अवस्था आउनेछ । तीन वर्षमै भारतसितका विभिन्न प्रसारण नाकाको स्तरोन्नति र ढल्केवर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन ४ सय केभीको सबस्टेसन निर्माण गरिसकिनेछ । यो अन्तरदेशीय लाइनबाट भारतबाट १२ सय मेगावाट बिजुली आयात गर्न या नेपालबाट निर्यात गर्न सकिनेछ । त्यतिबेला हिउँदमा मुलुकमा लोडसेडिङ हुन नदिन भारतबाट ४ सयदेखि

५ सय मेगावाटमात्र बिजुली आयात गरे पुग्ने अनुमान प्राधिकरणको छ । अबको दस वर्षमा बिजुलीको माग ३ हजार २ सय मेगावाट पुग्ने प्रक्षेपण सरकारको छ । त्यतिबेला मुलुकमा थप १० हजार मेगावाट बिजुली उत्पादन गरिसक्ने लक्ष्य सरकारको छ । विद्युत आपूर्ति स्थिर भएपछि मुलुकमा आर्थिक क्रियाकलाप बढ्ने र विद्युतमा आधारित उद्योगहरू स्थापना भई बिजुलीको माग उच्च हुने कार्ययोजनामा उल्लेख छ । बिजुली पर्याप्त भएमा खाना पकाउने ग्यास पूर्णरूपमा 'रिप्लेस' गर्न सकिन्छ, हालको मूल्यमा ग्यासमा भन्दा बिजुलीमा खाना पकाउन सस्तो पर्छ, ग्यासको आयातमा गतवर्ष ३५ अर्ब रुपैयाँ खर्च भएको तथ्यांक आयल निगमको छ । पर्याप्त बिजुली भएमा मुलुकमा डिजेल र पेट्रोलको खपतसमेत घट्नेछ । २०८२/८३ सम्म मुलुकभित्रै बिजुलीको माग बढेर १० हजारसम्म पुग्न सक्ने प्रक्षेपण ऊर्जा मन्त्रालयको छ, तर त्यो भने पत्यारिलो छैन । त्यतिबेला मुलुकको आवश्यकताभन्दा ६ हजार मेगावाटभन्दा बढी बिजुली उत्पादन हुनेछ । नेपालले बिजुली ढल्केवर–मुजफ्फरपुर लगायतका अन्तरदेशीय प्रसारण लाइनबाट भारतलाई बेच्न पाउनेछ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणकै क्रममा भारतसित विद्युत व्यापार सम्झौता (पीटीए) भइसकेको छ ।

इथियोपियाबाट सिकौं

दस वर्षमा १० हजार मेगावाट बिजुली उत्पादन सम्भव हुनसक्छ भन्ने कुराको राम्रो उदाहरण हो, गरिब अफ्रिकी मुलुक इथियोपिया । कुनै बेला इथियोपियालाई संसारकै सबभन्दा कंगाल मुलुक मानिन्थ्यो । इथियोपियामा लोकतान्त्रिक शासन प्रणाली सुरु भइसकेपछि उसको आर्थिक वृद्धि लगातार १५ वर्षदेखि ८ देखि ११ प्रतिशत छ ।  सन् २००२ सम्म जम्मा ५ सय मेगावाटमात्र बिजुली उत्पादन गरिरहेको इथियोपियाले सन् २०१६ मा आइपुग्दा २ हजार मेगावाट बढी बिजुली उत्पादन गरिसकेको छ । अबको पाँच वर्षमा इथियोपियाले १० हजार मेगावाटभन्दा बढी बिजुली उत्पादन गर्ने निश्चित भइसकेको छ । उसले आफ्ना छिमेकी मुलुकहरूसित बिजुली बेच्ने सम्झौतासमेत गरिसकेको छ । १८ सय ७० मेगावाटको गिब तेस्रो जलविद्युत आयोजना निर्माण गरिसकेको इथियोपियाले सन् २०११ देखि नाइल नदीमा 'ग्रान्ड इथियोपियन रेनेसान ड्याम' नाम दिएर ६ हजार मेगावाट क्षमताको जलाशययुक्त आयोजना निर्माण गरिरहेको छ । उक्त आयोजनाको आधाभन्दा बढी काम सकिइसकेको छ । सन् २०१७ सम्ममा आयोजना सम्पन्न गरी बिजुली उत्पादन गरिसक्ने लक्ष्य इथियोपियाको छ । उक्त आयोजना सम्पन्न भएपछि इथियोपियाले आर्थिक विकासमा नयाँ फड्को मार्दै विकासोन्मुख मुलुकबाट विकासशील राष्ट्रको सूचीमा पुग्नेछ । उक्त आयोजनामा विश्व बैंक र अफ्रिकन विकास बैंकबाट ऋण लगानी जुटाउन नसकेपछि इथियोपियाको सरकारले सरकारी, निजी क्षेत्र र सबैजसो नागरिकबाट सेयर जुटाएर लगानी गरिरहेको छ । इथियोपियाको अनुभवबाट पाठ सिकेर सरकार निजी क्षेत्र र सर्वसाधारण जनताको विश्वास जितेर अघि बढ्ने हो भने दस वर्षमा १० हजार मेगावाट बिजुली उत्पादन सम्भव हुनेछ ।

अन्तरदेशीय प्रसारण लाइन र नेपाल

मुलुकमा हाल निर्माणाधीन सबैजसो आयोजना 'रन अफ रिभर' (पानीको प्राकृतिक बहावमा आधारित) प्रकृतिका हुन् । यस्ता आयोजनाबाट वर्षामा धेरै र हिउँदमा कम बिजुली उत्पादन हुन्छ, त्यसले मुलुकमा

एउटा चिन्ता बढाइसकेको थियो । अबको दुई वर्षमै मुलुकमा वर्षायाममा बिजुली बढी हुने र हिउँदमा कम हुने प्रक्षेपण विद्युत प्राधिकरणको थियो । वर्षामा बिजुली खेर जाने भन्दै विद्युत प्राधिकरणले विभिन्न लगानीकर्ताका प्रस्तावित आयोजनासित विद्युत खरिद सम्झौता गर्न मानिरहेको थिएन । त्यसले गर्दा 'रन अफ रिभर' आयोजनामा लगानीकर्ता निरुत्साहित हुने परिस्थिति बनेको थियो । पछिल्लो डेढ वर्षको अवधिमा सरकारले भारतसित विद्युत व्यापार सम्झौता (पीटीए) गरिसकेको छ ।  सम्झौता अनुसार ढल्केवर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट नेपाल र भारतबीच औपचारिक रूपमा विद्युतको व्यापारिक कारोबारसमेत सुरु भइसकेको छ । उक्त प्रसारण लाइन अबको तीन वर्षमै पूर्ण क्षमतामा बनिसक्नेछ । उक्त प्रसारण लाइनबाट १२ सय मेगावाट बिजुली भारतमा आयात र निर्यात गर्न सकिन्छ । नेपाल र भारतबीच भैरहवा–गोरखपुरसहित ६ वटा अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने सहमतिसमेत भइसकेको छ । उक्त प्रसारण लाइन र विद्युत व्यापार सम्झौताका कारण दुई वर्षपछि वर्षायाममा बढी हुने बिजुली भारतमा बेच्न सकिने वातावरण बनेको छ । बिजुली बिक्ने निश्चित भएपछि अब प्राधिकरण विद्युत खरिद सम्झौता गर्न तर्सिनु नपर्ने वातावरण बनेको छ । अब लगानीकर्ताहरूको विद्युत खरिद सम्झौता नहोला कि भन्ने चिन्तासमेत हटेको छ ।

अब डलरमा पनि पीपीए

विद्युत प्राधिकरणले अमेरिकी डलरमा विद्युत खरिद गर्न नमान्दा पनि नेपालमा विदेशी लगानी भित्रिन सक्ने वातावरण थिएन । सरकारले ऊर्जा संकटकाल निवारण कार्ययोजनामा 'पे ब्याक पिरियड' अर्थात् बैंकको ऋण र ब्याज भुक्तानी नभएसम्मका लागि डलरमा 'पीपीए' गरिदिने नीति ल्याएको छ । डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यन भइरहेकाले लगानीको सुनिश्चितताका लागि विदेशी लगानीकर्ता नेपाली मुद्रामा 'पीपीए' गर्न तयार थिएनन् । अब डलरमा 'पीपीए' हुने भएपछि नेपालको आन्तरिक खपतका लागिसमेत विदेशी लगानीकर्ता जलविद्युतमा लगानी गर्न आउने वातावरण बनेको छ । डलरमा 'पीपीए' गर्न प्राधिकरणमा निवेदन दिएका लगानीकर्ताको संख्या निकै ठूलो छ ।

लगानीमैत्री वातावरण

मुलुकमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित नहुनुमा हिजो नेपालमा उत्पादित बिजुलीका लागि बजारको सुनिश्चितता थिएन । नेपालमा जति बिजुली उत्पादनको सम्भावना छ, त्यसका आधारमा नेपालमा बिजुलीको आन्तरिक बजार अत्यन्त सानो छ । भारतसित 'पीटीए' भई व्यापारिक रूपमा कारोबारसमेत सुरु भइसकेपछि अब नेपालमा उत्पादन हुने बिजुलीले भारतको ठूलो र प्रतिस्पर्धी बजार पाएको छ । भारतमा झन्डै ८ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिदर भइरहेको छ, त्यो आर्थिक वृद्धि कायम राख्न भारतमा बिजुलीको ठूलो माग छ । भारतले अहिले सबभन्दा बढी अर्थात ८० प्रतिशतको हाराहारीमा कोइलाबाट विद्युत उत्पादन गरिरहेको छ । एकातिर कोइलाले वातावरण दूषित बनाइरहेको छ भने अर्कातिर खानी विस्तारै रित्तिँदै गएकाले भारतले बिजुलीका लागि कोइलाको विकल्प खोज्नुपर्ने स्थिति उत्पन्न भइरहेको छ । तसर्थ भारत नेपालमा उत्पादन हुने बिजुलीको भरपर्दो बजार हो । त्यही कारण अब लगानीकर्ताले नेपाली बजारमा मात्र निर्भर हुनुनपर्ने भएको छ । नेपालमा ऊर्जा क्षेत्रमा

लगानीको वातावरण नहुनुमा बजार एउटा ठूलो कारण थियो । अब बजार नपाउने समस्याको अन्त्य भएको छ । भारतीय दुई कम्पनीले भारतमा बिजुली निर्यातको उद्देश्यले दुइटा ठूला आयोजनामा लगानी गर्दैछन् । विश्वव्यापी प्रतिस्पर्धाबाट छानिएका जीएमआरले ९ सय मेगावाटको माथिल्लो कर्णाली र सतलजले ९ सय मेगावाटकै अरुण तेस्रो जलविद्युत आयोजना निर्माण गर्दैछन् । नेपाललाई निःशुल्क सेयर र बिजुली बढी दिने प्रस्ताव गरेका कारण यी दुई कम्पनी प्रतिस्पर्धामा छानिएका हुन् । जीएमआरले नेपाललाई निःशुल्क रूपमा २७ प्रतिशत सेयर र ९ सय मेगावाटको १२ प्रतिशत बिजुली अर्थात् १ सय ८ मेगावाट सित्तैमा दिनेछ । सतलजले ९ सय मेगावाटको आयोजनाबाट २१.९ प्रतिशत अर्थात् १९७.१ मेगावाट बिजुली सित्तैमा नेपाललाई दिनेछ । दुवै कम्पनीले लगानी बोर्डसित आयोजना विकास सम्झौता (पीडीए) समेत गरिसकेका छन् । दुवै कम्पनीले विस्तृत अध्ययन सकेर लगानी जुटाउने अन्तिम तयारीमा जुटेका छन् । यी आयोजना सफल हुनसके भारतबाट नेपालको जलस्रोत क्षेत्रमा ठूलो लगानी आकर्षित हुने ऊर्जा मन्त्रालयका अधिकारी बताउँछन् । यी दुवै आयोजना सम्पन्न भएपछि नेपालबाट ठूलो मात्रामा भारत र बंगलादेशमा बिजुली निर्यातको सुरुआत हुनेछ । जीएमआरले ६ सय ५० मेगावाट मर्स्याङ्दी हिमताल आयोजनासमेत निर्माण गर्न अध्ययन सुरु गरिसकेको छ । जीएमआर र बंगलादेशी सरकारबीच माथिल्लो कर्णालीबाट उत्पादित बिजुली बंगलादेश निर्यात गर्ने समझदारीसमेत भइसकेको छ । पीडीए अनुसार यी कम्पनीले विद्युत उत्पादन सुरु भएको २५ वर्षपछि आयोजना चालु हालतमा नेपाललाई फिर्ता गर्नु पर्नेछ ।

ऊर्जा क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित नहुनुको दोस्रो ठूलो कारण स्थानीयबासीको अवरोध हो । एउटा जलविद्युत आयोजना बनाउन लाग्नासाथ लगानीकर्तासित स्थानीयबासीले असम्भव माग राख्ने र पुरा नभए कामै गर्न नदिने समस्या छ । यसले गर्दा धेरै लगानीकर्ता निरुत्साहित भएका छन् । आयोजना अध्ययन गरिसकेका कतिपय लगानीकर्ताले स्थानीय अवरोधकै कारण विद्युत आयोजनाबाट हात झिकेका थुप्रै उदाहरण छन् । सरकारले स्थानीय अवरोधको समस्या हटाउन आयोजनामा अवरोध पुर्‍याउनेमाथि सार्वजनिक अपराधमा मुद्दा चलाएर थुन्न सकिने प्रस्ताव गरेको छ । त्यसलाई कानुनी रूप दिन सरकारले विधेयक बनाएर संसदमा लाने तयारी गरिरहेको छ । सरकारले त्यस्तो कानुन बनायो भनेमात्र स्थानीय अवरोधको जुन समस्या छ, त्यो अन्त्य हुनेछ । आयोजनाबाट प्रभावित हुने र विस्थापित हुने स्थानीयबासीलाई सरकार या लगानीकर्ताले उचित क्षतिपूर्ति दिने र पुनर्बास गराउने नीतिगत सुनिश्चितता हुनुपर्छ । यस्तो सुनिश्चितता गर्दा पनि स्थानीयबासीका नाममा हुने अवरोधलाई विकास विरोधी अपराधका रूपमा लिएर कानुनी कारबाही गर्ने हो भनेमात्र जलविद्युत आयोजनाहरूमा देखिइरहेको स्थानीय अवरोध हट्छ । आफूलाई तथाकथित राष्ट्रवादी भन्ने कतिपय कम्युनिस्ट पार्टीसमेत जलविद्युत आयोजनामा विदेशी लगानी, त्यसमा पनि भारतीय लगानीको विरोध गरिरहेका छन् । बिजुली भारत निर्यात गर्नेगरी भारतीय कम्पनी जीएमआरले बनाउन लागेको माथिल्लो कर्णाली आयोजना अहिले तथाकथित राष्ट्रवादी राजनीतिको सिकार भइरहेको छ । आयोजना मुलुकको हितमा छ कि छैन भन्ने विश्लेषण नै नगरी विकासमाथि राजनीति गर्ने प्रवृत्तिको अन्त्य हुनु जरुरी

भइसकेको छ । यस्तो राजनीतिलाई कानुनमा नै विकास विरोधी अपराधका रूपमा व्याख्या गरी कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ, तबमात्र मुलुकमा विदेशी लगानीको वातावरण बन्न सक्छ ।

राजनीतिक अस्थिरतामात्र होइन, नीतिगत अस्थिरताका कारणसमेत विदेशी लगानीकर्ता नेपालको ऊर्जा क्षेत्रमा आकर्षित हुनसकेका छैनन् । दलहरूले मुलुकको ऊर्जा क्षेत्रको विकासमा एउटै खालको रणनीति अख्तियार गरी नीतिगत स्थिरताको सुनिश्चितता गर्ने हो विदेशी लगानीकर्ता आकर्षित हुने प्रबद्र्धकहरू बताउँछन् ।

आयोजनाको लागत घटाउन के गर्ने ?

आयोजना स्थलसम्म सडक र प्रसारण लाइन निर्माण गर्नुपर्ने भएकाले जलविद्युत आयोजनाहरूको लागत महँगो पर्ने स्थिति छ । नाफा नहुने आयोजनामा लगानीकर्ता आकर्षित हुँदैनन् । तसर्थ मुलुकमा ऊर्जा क्षेत्रको विकास गर्न सरकार आफैंले जलविद्युत आयोजनासम्म पुग्ने सडक र प्रसारण लाइन बनाइदिने हो भने विद्युत आयोजनाको लागत स्वत: घट्छ । बढी नाफा हुने र प्रतिस्पर्धी दरमा प्राधिकरणलाई बेच्न या भारतमा निर्यात गर्न सकिने भएकाले स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित हुनेछन् ।

कार्ययोजनामा ऊर्जा क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्न प्राधिकरणले विदेशी लगानीका आयोजनाका प्रबद्र्धकलाई ‘पे–ब्याक पिरियड’ अर्थात् बैंकबाट लिएको ऋण र ब्याज चुक्ता नभएसम्म अमेरिकी डलरमा विद्युत खरिद गरिदिने, प्रतिमेगावाट ५० लाख रुपैयाँ मूल्य अभिवृद्धि कर (भ्याट) छुट दिने, १ प्रतिशत वातावरण कर हटाउने लगायतका व्यवस्था गरिएको छ । वाणिज्य बैंकहरूले प्रवाह गर्ने कुल कर्जाको १५ प्रतिशत जलविद्युत क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ । हाल बैंकहरूले जम्मा कुल कर्जाको २.४९ प्रतिशतमात्र जलविद्युत क्षेत्रमा लगानी गरिरहेका छन् । यो नीतिका कारण जलविद्युत आयोजनाका प्रबद्र्धकहरूले स्वदेशी बैंकबाट सहजै प्रतिस्पर्धी दरमा ऋण पाउन सक्ने भएका छन् ।

उत्पादकहरुका चासो

स्वतन्त्र ऊर्जा उत्पादक संघ (इपान) का अध्यक्ष खड्ग विष्ट जलविद्युतको विकास गर्न सरकारले अघि सारेको कार्ययोजना सकारात्मक र उत्साहजनक रहेको उल्लेख गर्दै ऊर्जा संकटकाल घोषणा गर्न सरकारले कहिले संसदबाट विधेयक पारित गरी कानुन बनाउँछ, आफूहरू त्यसको प्रतीक्षामा रहेको बताउँछन् ।

‘विद्युत आयोजनामा अवरोध पुर्याउनेलाई दण्डनीय बनाउने, जग्गा प्राप्ति, मुआब्जा, वातावरण प्रभाव मूल्यांकन समयमै स्वीकृत नहुने, समयमै प्रसारण लाइन नबन्ने, विद्युत खरिद सम्झौता नहुने जस्ता जलविद्युत आयोजनाका प्रबद्र्धकहरूले भोगिरहेका जति समस्या छन्, ती सबै समाधान गर्ने प्रतिबद्धता सरकारले ऊर्जा संकटकाल निवारण कार्ययोजनामा गरेको छ । सरकारले विधेयक पारित गराएर ऊर्जा संकटकाल घोषणा गरेमा जलविद्युत क्षेत्रमा लगानीको वातावरण बन्छ र दस वर्षमा १० हजार मेगावाट बिजुली उत्पादन सम्भव हुन्छ । कार्ययोजना घोषणा हुने, तर कार्यान्वयन नहुने हो भने १० हजार होइन, १ हजार मेगावाट बिजुली उत्पादन पनि गाह्रो हुन्छ’ विष्टले भने । उनी भन्छन्, ‘हिउँद र वर्षायाम दुवै

समयमा मुलुकमा लोडसेडिङ हुन नदिन विद्युतको माग र आपूर्तिको सन्तुलन मिलाई स्थिर र भरपर्दो बनाउन 'रन अफ रिभर' प्रकृतिका मात्र आयोजना बनाएर हुन्न, कम्तीमा ५० प्रतिशत आयोजना जलाशययुक्त बनाउनुपर्छ । जलाशययुक्त आयोजना महँगो हुने भएकाले यसमा सरकारले लगानी गर्नु राम्रो हुन्छ ।' उनले निजी क्षेत्रले हाल कुल १३ सय मेगावाटभन्दा बढी क्षमताका आयोजनाहरू बनाइरहेको र त्यसमध्ये डेढ वर्षभित्रै ३८ आयोजना सम्पन्न भई ३ सय १४ मेगावाट बिजुली उत्पादन सुरु हुने जानकारी दिए । ऊर्जा संकट कानुन ल्याएर सरकारले ऊर्जा क्षेत्रमा रहेका समस्या समाधान गरेमा मुलुकमा अबको दस वर्षमा दस हजार बिजुली उत्पादन सम्भव हुने र त्यसमा निजी क्षेत्रले ठूलो योगदान पुर्‍याउन सक्ने विश्वास व्यक्त गरे ।

विष्टले भनेझैं सरकारले यसअघि पनि पटक—पटक ऊर्जा संकटकाल भन्दै यस्तै उत्साहजनक महत्त्वाकांक्षी योजना अघि सारेको थियो । तर योजना कार्यान्वयन नै नभई तुहिएर गए । यस पटक पनि तुहिने हो कि भन्ने आशंका छ । मुलुकमा ऊर्जा संकट र भारतसित बिजुलीमा निर्भरता यति धेरै बढिसकेको छ कि सरकारसित यो कार्ययोजना अघि बढाउनुको विकल्प छैन । तसर्थ सरकार, सत्ता र प्रतिपक्षमा रहेका सबै दल तथा स्थायी सरकार मानिने प्रशासनयन्त्र प्रतिबद्ध भएर लाग्ने हो भने यो कार्ययोजनालाई सफल बनाउन सकिने ऊर्जा मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

ऊर्जा मन्त्रालयका सहप्रवक्ता गोकर्ण पन्थले राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दसकको अवधारणा सहितको कार्ययोजना कार्यान्वयन गर्न अबको दुई महिनाभित्रै ऊर्जा संकट विधेयक संसदमा लग्ने तयारी भइरहेको जानकारी दिए । पन्थका अनुसार विधेयक मस्यौदा गर्न सहसचिव कोषचन्द्र सुवेदीको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ । कार्यदलले मस्यौदा तयार पारेपछि ऊर्जा मन्त्रालयले मन्त्रिपरिषदबाट पारित गराई विधेयक संसदमा लानेछ । विधेयक पारित भएपछि विद्युत क्षेत्रमा निर्वाध ढंगले द्रुत गतिमा काम अघि बढाउन मुलुकमा कानुनी रूपमै ऊर्जा संकटकाल घोषणा हुनेछ ।

*प्रकाशित: चैत्र १३, २०७२*

नेपाल समाचारपत्र, २०७२/१२/१३

# फर्पिङ जलविद्युत्को ६० रोपनी जग्गा अतिक्रमणमा

मधुसूदन रायमाझी, काठमाडौं

पालको पहिलो जलविद्युत् आयोजना फर्पिङ जलविद्युत् केन्द्रको ६० रोपनी जग्गा अतिक्रमणमा परेको छ। जलविद्युत् केन्द्रको कुल ३ सय २४ रोपनी जग्गामध्ये ड्याम साइट र पाइप विस्तार गरिएको दायाँबायाँको क्षेत्रमा ६० रोपनीभन्दा बढी जग्गा अतिक्रमणमा परेको हो।

अतिक्रमित जग्गाबाट स्थानीयलाई हटाउन प्राधिकरणले पटक–पटक आग्रह गर्दै प्रहरी परिचालन गर्दासमेत सफल हुन सकेको छैन। जग्गा अतिक्रमण गरेका स्थानीयले फर्पिङ जलविद्युत् केन्द्रको विकास गर्न निर्मित गुरुयोजनाअनुसार प्राधिकरणले काम अगाडि नबढाउँदासम्म जग्गा नछोड्ने अडान लिएका छन्।

नेपाल विद्युत् प्राधिकरण सम्पत्ति व्यवस्थापन शाखाका सहायक प्रशासकीय अधिकृत राजकुमार कडरियाले फर्पिङ जलविद्युत् केन्द्रअन्तर्गत पर्ने ६० रोपनी जग्गा अतिक्रमण भएको बताउँदै स्थानीबासीलाई हटाउने प्रक्रिया शुरू गरेको बताउनुभयो। 'ड्याम र पाइप बिछ्याइएको दायाँबायाँका जग्गा अतिक्रमण भएका छन्, स्थानीयबासीलाई राणाकालीन समयमा नै मुआब्जा दिइसकिएको छ, राजनीतिक कारणले गर्दा अतिक्रमित जग्गाबाट स्थानीय हटाउन केही समस्या परेको छ।' –उहाँले भन्नुभयो।

स्थानीयलाई उक्त जग्गाबाट हटाउन ऊर्जा मन्त्रालय, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई समेत पत्राचार गरेको बताउँदै उहाँले अतिक्रमित जग्गाबाट स्थानीय हटाउने कार्यलाई प्राधिकरणले गम्भीरताका साथ लिएको बताउनुभयो।

केन्द्रअन्तर्गत रहेको जग्गामा सोलार प्लानको कार्यक्रम स्वीकृति भए तत्काल स्थानीयलाई हटाउनुको विकल्प नभएको कडरियाले बताउनुभयो। हाल केन्द्रको अस्थायी लाजपुर्जा रहेको र स्थायी लालपुर्जा लिने प्रक्रियामा रहेको बताउँदै उहाँले जग्गाको नक्सा कायम रहेको बताउनुभयो। 'मालपोत कार्यालयले लिखित प्रमाणसँगै नगरपालिकाको सिफारिस मागेको छ, तर स्थानीयको अवरोधका कारण सिफारिस लिन सकिएको छैन', कडरियाले भन्नुभयो– 'सरकारी जग्गा हो, सधैं बस्न सकिन्छ भन्ने मानसिकता स्थानीयले नराख्दा राम्रो हुन्छ।' जग्गा अतिक्रमणको आरोप लागेका फर्पिङका स्थानीय रामकृष्ण बस्नेतले नेपाल विद्युत् प्राधिकरणले गर्नुपर्ने काम छोडेर जनताको बस्ती उठाउने काममा मात्र ध्यान दिएको आरोप लगाउनुभयो।

राजधानी, २०७२/१२/१४

# माथिल्लो कर्णालीमा साझा धारणा खोज्दै सांसद

*कमल शर्मा*

मुलुकको निकै सस्तो आयोजनाको रूपमा रहेको माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणका लागि साझा धारणा बनाउन जिल्लाका राजनीतिक दलसँग आग्रह गरिएको छ । सांसद अमरबहादुर थापा, सांसद लक्ष्मी पोखरेल र पूर्वसांसद राजबहादुर बुढाले माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणका लागि जिल्लामा क्रियाशील राजनीतिक दलले साझा धारणा निर्माण गरेर तत्काल माथिल्लो कर्णाली आयोजना बन्नुपर्नेमा जोड दिएका हुन् ।

दैलेखमा जलविद्युत् विकासमा सहमति तथा रिपोर्टिङका लागि क्षमता अभिवृद्धिसम्बन्धी दुई दिने कार्यशालाको अन्तिम दिन गरिएको बृहत् भेलालाई सम्बोधन गर्दै सांसदले यस्तो बताएका हुन् । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान), नेपालले आयोजना गरेको बृहत् भेलामा माथिल्लो कर्णाली जलविद्युत् आयोजनाका प्रमुखलगायतको उपस्थिति जिल्लामा भए पनि कार्यक्रममा रहे पनि छलफलमा भने भाग लिएनन् ।

जलविद्युत्को विकासले देशको आर्थिक समृद्धि हुने भन्दै सांसदले सरकारको निर्णय मान्ने र नमान्नेको विषयमा चर्चा परिचर्चा भन्दा पनि जिल्लाको समृद्धिका लागि आयोजना बन्नुपर्ने बताएका छन् ।

दैलेखका संसदद्वय अमरबहादुर थापा, लक्ष्मीप्रसाद पोखरेल, नेपाली कांग्रेस दैलेखका सभापति कृष्णबहादुर बिसी, नेकपा एमाले दैलेखका अध्यक्ष रविन्द्रराज शर्मा, एमाओवादीका गणेश सलामी, राप्रपा नेपालका भक्तबहादुर शाही, राजमोका कविराज खत्री, नेमकिपाका लक्ष्मी विक, राप्रपाका रामबहादुर थापा, उद्योग वाणिज्य संघ दैलेखका अध्यक्ष शान्ति शर्मा, पत्रकार महासंघ दैलेखका उपाध्यक्ष चक्रबहादुर केसीले जलविद्युत्को विकासमा राज्यले स्पष्ट नीति निर्माण गरेर सबै जलविद्युत् विकासमा सक्रिय हुन साझा धारणा सँगै आयोजना निर्माण कम्पनीहरूले गरेको व्यवहारबारे चर्चा गरेका थिए ।

दैलेख उद्योग वाणिज्य संघका अध्यक्ष शान्ति शर्माले विद्युत् उत्पादन कुनै हालतमा रोक्न नहुने भन्दै आयोजनाको जिम्मेवारी बोकेकाहरूले विरोध गर्नेहरूलाई मोटो रकम र अन्य प्रलोभन दिँदै चुप लगाउने प्रवृत्तिले विरोधीहरू झन् बढेको बताए । इपानका अध्यक्ष खड्गबहादुर विष्टले ऊर्जा, अर्थतन्त्र साना अन्य मुलुकले जलविद्युत् क्षेत्रमा गरेको विकास र नेपालको अवस्थाबारे जानकारी दिँदै जलस्रोतको धनी देश नेपाल भएर पनि अहिले लोडसेडिङको मारमा परेको बताए । त्यसका लागि राज्यले देशका विभिन्न स्थानमा रहको जलविद्युत् आयोजनालाई तत्काल निर्माण गर्न वातारण सिर्जना गर्नुपर्ने बताएका हुन् ।

उनले नेपाल जस्तै साना मुलुक लाओस, भुटानले जलविद्युत्को

विकास गरेर नेपालभन्दा अगाडि बढेको बारेमा जिल्लाका नागरिकले जानकारी गराएपछि जिल्लाका राजनीतिक दल र सासंदले जिल्लामा निर्माण हुने जलविद्युत् आयोजना र माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणमा साझा धारणा बनाएर प्रदेश नं. ६ लाई वास्तविक रूपमा धनी प्रदेश हुने विश्वाससमेत व्यक्त गरेका छन् ।

जलस्रोत पूर्वसचिव सूर्यनाथ उपाध्यायले स्रोतमा कसको अधिकार, वातावरणविद् भरतमणि शर्माले वातावरणीय प्रभाव मूल्यांकन, सेयर, मुआब्जा र जग्गा अधिग्रहरणबारे जानकारी दिएका थिए ।

विद्युत् विकास विभागका उपमहानिर्देशक प्रवीणराज अर्यालले राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणा पेस गर्दै देशको विद्युत् उत्पादनको अवस्थाबारे जानकारी गराएका थिए । दुईदिने

कार्यशालामा दैलेख, सुर्खेत, जाजरकोट, अछाम, कालीकोटका पत्रकार, राजनीतिक दल, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

राजधानी, २०७२/१२/१४

# दुई महिनापछि मेवा खोला जलविद्युत् बन्ने

**युवराज रोइला**

मेवा खोला जलविद्युत् आयोजनाको काम जेठमा मात्र सकिने भएको छ । इन्धन अभावले चैतमा सकिने भनिएको आयोजनाको काम दुई महिनापछि सरेको हो । ९ सय ९६ किलोवाट क्षमताको विद्युत् आयोजनाबाट विद्युत् उत्पादनपछि जिल्लामा सहजता आउनेछ ।

सानीमा र बैंक अफ काठमाण्डूको ७० प्रतिशत र उपभोक्तालगायत अन्य लगानीकर्ताको ३० प्रतिशत गरी ३० करोडको कुल लागतमा विद्युत् आयोजना सम्पन्न् हुने आयोजनाका प्रबन्ध निर्देशक अर्जुन राईले बताए । प्रबन्ध निर्देशक राईका

अनुसार बैंकले लगानी गर्ने ७० प्रतिशतमध्ये सानीमा बैंकको ६० र बैंक अफ काठमाण्डूको ४० प्रतिशत लगानी रहेको छ । आयोजनाबाट उत्पादन भएको विद्युत् केन्द्रीय प्रसारण लाइनको बुइपा सवस्टेसनमा जोडिने प्रबन्ध निर्देशक राईले बताए । यो विद्युत् आयोजना सम्पन्न भएपछि जिल्लाका ५४ गाविसका उपभोक्ता प्रत्यक्ष लाभान्वित हुनेछन् । यसले गर्दा लोडसेडिङको मारसमेत हटेर जानेछ ।

प्रबन्ध निर्देशक राईले भने, 'इन्धन अभावले काम गर्न नसक्दा दुई महिनापछि मात्र काम सकिने भएको छ ।' १८औं जिल्ला परिषद्ले जिल्लालाई लोडसेडिङ मुक्त बनाउने योजना पारित गरेपछि जिल्लामा विद्युत् विस्तारको काम दुरत गतिमा भइरहेको छ । यसबाहेक जिल्लामा झन्डै एक दर्जन लघु जलविद्युत् योजना सञ्चालनमा छन् । केन्द्रीय प्रसारण लाइनले जिल्लाका ३८ गाविस ११ हजार घरधुरीलाई विद्युत् पुगेको दिक्तेत वितरण केन्द्रका प्रमुख पुरुषोत्तम रेग्मीले बताए । आयोजना ०७० सालबाट सुरु गरिएको हो ।

राजधानी, २०७२/१२/१५

## लोडसेडिङ एक घण्टा घट्यो

काठमाडौं÷रास– नेपाल विद्युत् प्राधिकरणले प्रवेशिका परीक्षा (एसएलसी) लाई ध्यानमा राखेर मंगलबारदेखि लागू हुने गरी दैनिक एक घण्टा लोडसेडिङ घटाएको छ ।

दैनिक १२ घण्टा लोडसेडिङ रहेकोमा प्राधिकरणले एक घण्टा घटाएर ११ घण्टामा झारेको हो । 'एसएलसीलाई ध्यानमा राखेर विद्युत् प्राधिकरणले कुलेखानी जलाशय चलाएर एक घण्टा लोडसेडिङ घटाएको हो,' विद्युत् प्राधिकरण भार प्रेषण केन्द्रका प्रमुख भुवन क्षत्रीले भने, 'विद्यार्थीलाई राहत होस् भनेर लोडसेडिङ घटाउने निर्णय गरिएको हो ।'

हाल १३ सय २५ मेगावाट जलविद्युत्को माग रहेकोमा भारतबाट ३ सय मेगावाट आयात भएको छ भने प्राधिकरण र निजीबाट थप ३ सय मेगावाट उत्पादन भएको छ । बाँकी ७ सय २५ मेगावाट अझै अभाव रहेको प्रमुख क्षत्रीले जानकारी दिए ।

कान्तिपुर, २०७२/१२/१५

# मुआब्जा र सडक नहुँदा रोकियो अरुण तेस्रो

दीपेन्द्र शाक्य/लीलावल्लभ घिमिरे

सरकारले भारतीय कम्पनी सतलजसँग अरुण तेस्रो आयोजना विकास सम्झौता (पीडीए) गरेको एक वर्ष बित्दा पनि काम सुरु हुन सकेको छैन । जग्गाको मुआब्जा सेयर अधिकार लगायतका विषयमा विवाद भएपछि काम सुरु हुन नै ढिलाइ भएको हो ।

सरकारले जग्गा र कोसी राजमार्ग उपलब्ध गराउन नसक्दा अरुण तेस्रो निर्माणमा ढिलाइ भएको भारतीय निर्माण कम्पनी सतलजले जनाएको छ । आयोजना प्रमुख रोशनलाल नेगीले अरुण तेस्रोको काम नेपाल सरकारका कारण ढिला भएको बताए । 'नेपाल सरकारले मुआब्जा र सडक उपलब्ध गराएको छैन,' उनले भने, 'कसरी काम गर्ने, जग्गा र मुआब्जाको कागजात पाए भोलिबाटै तीव्र गतिमा काम गर्छौं । जतिसक्दो छिटो काम गर्न हामी तयार छौं ।'

नेगीले तुम्लिङटार–छ्याङ्कुटी सडकमा मुआब्जा सरकारले दिए पनि प्रमाण नभेटिएको बताए । सरकारी र व्यक्तिको जग्गा अधिग्रहण गरेपछि मात्रै काम सुरु हुने उनले बताए । 'पीडीए भएको एक वर्ष बिते पनि अरुण तेस्रो परियोजनाको काम अघि बढ्न सकेको छैन,' उनले भने, 'पहिलो चरणमा सडक निर्माण गरी निर्माण सुरु गर्नुपर्ने भए पनि विवाद देखिएपछि ढिलाइ भएको हो ।' विश्व बैंकले २०४४ देखि २०४६ सालसम्म मुआब्जा वितरण गरिसकेको तेस्रो परियोजनास्थलको प्रवेश मूल सडक तुम्लिङटार–छ्याङ्कुटीको प्रमाण नभेटिएपछि खाँदबारी १३ तुम्लिङटारदेखि खाँदबारी छ्याङ्कुटीसम्मको करिब ३५ किलोमिटर सडक सतलजलाई जिम्मा दिन सकेको छैन ।

सरकारले सम्झौता भएको ४५ दिनभित्र अरुण तेस्रो आयोजनालाई सम्पूर्ण सडक जिम्मा दिनुपर्ने प्रावधान भए पनि नसकेपछि ढिलाइ भएको नेगीले बताए । सडकको लगत कट्टा हुन नसकेपछि तीन प्रकारको दाबी हुँदै आएको छ । विश्व बैंकले मुआब्जा दिन तय गरेको सडक, खाँदबारी नगरपालिकाले प्रारम्भिक रूपमा तयार पारेको नक्सा अनुसारको सडक र जनताबाट खनिएको गरी तीन सडक छन् ।

यीमध्ये कुन सही हो भनी प्रमाणित गरी सतलजलाई जिम्मा लगाउनुपर्ने हुन्छ । लगानी बोर्डका उपसचिव खगेन्द्र रिजालले यसका लागि बृहत् भेला गरी सप्रमाण सडकको टुंगो लगाउने तयारी गरेको बताए । तत्काल यस सडकलाई थाती राखी छ्याङ्कुटीदेखि पावरहाउस क्षेत्र पुखुवासम्मको सडक निर्माणका लागि काम सुरु गरिने उनले बताए । ३ दशकअघि विश्व बैंकले १५ मिटर दायाँबायाँ राखेर ३० मिटरको मुआब्जा वितरण गरेको सांसद तारामान गुरुङले बताए ।

एक महिनाअघि सदरमुकाम खाँदबारीमा रहेको सतलजको कार्यालयमा त्रिपक्षीय सहमति भएपछि स्थानीयले अरुण तेस्रो निर्माणमा बाधा नपुर्याउने भएका छन् । जग्गा छुट्याउन र नापजाँच गर्न दिदिङ, याफु, नुम र पाथीभराका स्थानीयको पनि सरकारी टोलीसँग सहकार्य छ । सतलज, लगानी बोर्ड र प्रभावित क्षेत्रका बासिन्दा बीच अन्तर्राष्ट्रिय मापदण्डअनुसार सतलजले मुआब्जा वितरण गर्ने सहमति भएको थियो । सहमति पछि सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा प्रभावित क्षेत्रमा जग्गा नापजाँच गर्ने टोली तयार
भएको छ ।

लगानी बोर्ड, अरुण तेस्रो निर्माणको जिम्मा पाएको भारतीय कम्पनी सतलज र प्रभावित क्षेत्रका स्थानीय बासिन्दाबीच प्रभावित क्षेत्रका विस्थापितलाई एसियाली विकास बैंक र अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको मुआब्जा वितरण गर्ने सहमति भएको छ । सहमतिमा दिदिङ, याफु, नुम र पाथीभरा गाविसका बासिन्दाले हस्ताक्षर गरेका छन् । त्रिपक्षीय सम्झौतापछि प्रभावित क्षेत्रका स्थानीय खुसी भएकाले कुनै पक्षबाट विरोध नआउने स्थानीयले प्रतिक्रिया दिए ।

त्रिपक्षीय सहमतिमा २२ बुँदामा सहमति गरिएको छ । सेयर लगानीको अधिकारमा विस्थापित परिवारले मागेको ३० प्रतिशत नि:शुल्क सेयरको विषयमा आयोजना विकास सम्झौतामा व्यवस्था भएको प्रावधानअनुसार गर्ने सहमति भयो । आदिवासी जनजातिसम्बन्धी धर्म संस्कृति र परम्परा जोगाउन आवश्यक स्रोत आयोजना विकास कार्यक्रममा राखी कार्यान्वयन गर्ने, प्रभावित परिवारका बालबालिकालाई वार्षिक रूपमा छात्रवृत्ति उपलब्ध गराउने, प्रभावित परिवारभित्र प्रतिस्पर्धा गराई ससाना ठेक्काका काम उपलब्ध गराउनेलगायत २२ बँुदा छन् । परियोजनाबाट चार गाविसका २ सय ६५ घर प्रत्यक्ष प्रभावित हुने छन् ।

‘९ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजना प्रभावित क्षेत्रका बासिन्दाले अन्तर्राष्ट्रिय मापडण्डअनुसार मुआब्जा पाउने कुराको स्थानीयले स्वागत गरेका छन्,’ सांसद तारामान गुरुङले भने, ‘लामो समयदेखि आयोजनाको पर्खाइमा थियौं, प्रभावित क्षेत्रका बासिन्दाले परियोजनासँगै उचित मुआब्जा पाउने कुरा निकै खुसीको हो ।’ अब अरुणको काम तुरुन्त सुरु गर्नुपर्ने उनले बताए ।

उनले यो सहमतिसँगै छ्याङकुटी दिलिङको डाँडागाउँ–पुखुवा हँुदै याफूबाट नुमको फ्याक्सिन्दासम्म अतिक्रिमण गर्ने जग्गा छुट्याउन लागिएको बताए । ‘जग्गा छुट्याएर मुआब्जा वितरणसँगै १८ महिनाभित्र ६४ किलोमिटर सडक कालोपत्रे गरिने छ,’ गुरुङले भने, ‘कालोपत्रे सडक ९ मिटर चौडा भएको ६४ किमि हुने छ ।’

सहमतिमा पुनर्वास र पुनस्र्थापना मापदण्डअनुसार जग्गासँगै त्यसमा भएका अन्य सम्पत्ति तथा बोटबिरुवाको पनि उचित क्षतिपूर्ति पाउने उल्लेख गरिएको उनले बताए । परियोजनाले आर्थिक र सामाजिक दृष्टिकोणले संवेदनशील रहेका परिवार र समुदायलाई पनि उचित सम्बोधन गर्ने गुरुङले बताए ।

प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्री जग्गा छुट्याउन खटिएका सरकारी अधिकारीहरूलाई स्थानीयले सहयोग गरेको बताए । जग्गा नापजाँचका क्रममा अहिलेसम्म कतैबाट बिरोध भएको छैन, उनले भने, केही दिनभित्रै सूचना प्रकाशित गरेर काम सुरु गर्छौं । २०६५ कात्तिक २७ गतेदेखि सतलजले अरुण ३ को ड्यामसाइड नुमको फ्याक्सिन्दा र पावरहाउस दिदिङको पुखुवाबाट विस्तृत सर्भे थालेको थियो । सतलजले नुम, खाँदबारी, कुवापानी, काठमाडौंमा साइट कार्यालय सञ्चालन गर्दै कर्मचारी नियुक्तिलाई तीव्रता दिइरहेको छ । सदरमुकाम खाँदबारीबाट नुमको फ्याक्सिन्दासम्म कच्ची सडकको डोब खनिसकिएको छ ।

पाथीभरा गाविसमा बाँध र दिदिङको पुखुवाबाट विद्युत् उत्पादन हुने आयोजनाबाट ९ सय मेगावाट उत्पादन हुने छ । कुल १ खर्ब ४ अर्ब लागतमा यो आयोजना निर्माण हुने छ । कुल २३ मिटर अग्लो बाँध बाँधी २२५ मेगावाट क्षमताको चार टर्वाइनमार्फत विद्युत् निकालिने छ । प्रभावित क्षेत्रका स्थानीयलाई प्रतिघर २४ युनिट बराबर नि:शुल्क बिजुली प्रदान गरिने पीडीएमा सम्झौता भएको छ ।

नेपालले प्राप्त गर्ने बिजुली छाडेर प्रवद्र्धकले ढल्केबर सबस्टेसन हुँदै भारतको मुजफ्रपुरसम्म विद्युत् पुर्याउने छ । सन् २०२२ सम्ममा काम सम्पन्न गर्ने भारतीय सजलज कम्पनीले सरकारसँग सम्झौता गरेको छ । नेपालले २१ दशमलव ९ प्रतिशत अर्थात १ सय ९७ मेगावाट बिजुली नि:शुल्क प्राप्त गर्ने छ ।

एक वर्ष अघि पीडीए हुँदा उत्साहित भएका पूर्व क्षेत्रका उद्योगी व्यवसायीहरू निरास भएका छन् । ‘अरुण तेस्रोको पीडीएको खबरले पूर्व क्षेत्रमा मरिसकेको आशा पलाएको थियो, मोरङ व्यापार संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र राउतले भने, ‘तर, वर्ष दिन बित्दा पनि काम थालिएको छैन ।’ नेपालको विद्युत् विकासमा कोसेढुंगा सावित हुने यो योजना कुनै पनि वहानमा रोकिन नहुने उनको भनाइ छ ।

२०५३ सालमा गुमेको मौका पुन: आएको राउतको भनाइ छ । अरुण तेस्रो पूर्वका लागि सूर्योदय हुने मोरङ व्यापार संघका अध्यक्ष पवन सारडा बताउँछन् । ‘यसले पूर्व क्षेत्रको भविष्य उज्योल छ भन्ने देखाउँछ,’ उनले भने, ‘एकपटक चुकेर हामी पछुताइरहेका छौं, फेरि त्यस्तै अवस्था नआओस् ।’ राष्ट्रिय गौरवको योजनालाई प्राथमिकता राखिनुपर्ने उद्योगीहरूको भनाइ छ । ९ सय मेगावाट क्षमताको अरुण सतलजले बनाउनेबारे करिब ६ वर्षअघि प्रारम्भिक सम्झौता (एमओयू) भएको थियो ।

कारोबार, २०७२/१२/१४

# कावेली ‘ए’मा विश्व बैंकले ७ अर्ब ८६ करोड लगानी गर्ने

विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) ले ३७.६ मेगावाटको कावेली ‘ए’ आयोजना निर्माण गर्न ४ अर्ब रुपैयाँ (४ करोड डलर) लगानी गर्ने भएको छ । अरुण तेस्रो आयोजनाबाट बाहिरिएको विश्व बैंक कावेली जलविद्युत् आयोजनामा लगानी गर्न तयार भएको हो ।

सो आयोजना बुटवल पावर कम्पनी लिमिटेड (बीपीसी)अन्तर्गतको कावेली इनर्जी लिमिटेडले निर्माण गर्न लागेको हो । आईएफसीले जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) मार्फत सो ऋण लगानी सम्झौता गरेको हो । आयोजना बनाउन कावेलीले ३ अर्ब ८६ करोड रुपैयाँ (३ करोड ८६ लाख डलर) लगानी सम्झौता गरिसकेको छ । आयोजना बनाउन सबै रकम जुटिसकेको बीपीसीले जनाएको छ ।

कावेलीमा विश्व बैंक समूहबाट ७ अर्ब ८६ करोड रुपैयाँ (७ अर्ब ८६ लाख डलर) लगानी हुँदैछ । आयोजनाको लागत करिब १० अर्ब रुपैयाँ (९ करोड ९५ लाख डलर) छ । जसमा ऋण तथा स्वपुँजीको अनुपात ७७.५ र २२.५ प्रतिशत छ । कावेलीमा बीपीसीको ५३.५ प्रतिशत लगानी छ ।

यो सम्झौतासँगै आयोजनाको निर्माण गर्न बढाउन बाटो खुलेको छ ।

विद्युत् प्राधिकरण र कावेलीबीच विद्युत् खरिद बिक्री सम्झौता (पीपीए)का अतिरिक्त आयोजना निर्माणको लागि सिभिल तथा हाइड्रोमेकानिकल ठेकेदार नियुक्ति भइसकेको छ । यस्तै इलेक्ट्रोमेकानिकल ठेकेदार नियुक्तिको प्रक्रिया अघि बढिरहेको छ । हालसम्म आयोजनामा ६४ करोड लगानी भइसकेको बीपीसीले जनाएको छ । सन् २००९ मा प्रतिस्पर्धाबाट बीपीसीले आयोजना निर्माणको जिम्मा पाएको हो ।

कावेली दैनिक उच्च माग भएको समयमा चलाउन मिल्ने गरी खोलाको वहावमा आधारित आयोजना हो । पूर्वी नेपालको ताप्लेजुङ र पाँचथर जिल्लामा पर्ने यो आयोजना सन् २०१९ सम्ममा निर्माण सम्पन्न हुने बीपीसीले जनाएको छ ।

सेयर संरचनाअनुसार आयोजनामा बीपीसी तथा इन्फ्राको एसियाको संयुक्त लगानीमा स्थापित गुराँस इनर्जी लिमिटेडको ६९ प्रतिशत लगानी छ । यस आयोजनामा गुराँसमार्फत २७.५ र प्रत्यक्ष रूपमा २६ गरी कुल ५३.५% लगानी बीपीसीको हुनेछ ।

बीपीसीको अर्को सहायक कम्पनी न्यादी हाइड्रोपावर लिमिटेडले ३० मेगावाटको न्यादी जलविद्युत् आयोजना निर्माण गर्न प्राधिकरणसँग पीपीएका अतिरिक्त लगानी जुटाई ठेकेदार नियूक्तिको प्रक्रिया अगाडि बढाएको छ ।

**माथिल्लो हेवामा ३ बैंकको ९८ करोड लगानी**

अपर हेवाखोला हाइड्रोपावर कम्पनीले प्रवद्र्धन गर्न लागेको ८.५ मेगावाटको अपर हेवाखोला साना जलविद्युत् आयोजनामा ३ बैंकले ९८ करोड रुपैयाँ लगानी गर्ने भएका छन् । एनएमबी बैंकको अगुवाइमा नेपाल बैंक र कृषि विकास बैंकले सहवित्तीयकरणअन्तर्गत आयोजनामा ऋण लगानी गर्न सहमति जनाएका छन् । आयोजनाको अनुमानित लागत १ अर्ब ४० करोड रुपैयाँ छ जसमध्ये ४२ करोड रुपैयाँ सेयर लगानीबाट प्राप्त हुने प्रवद्र्धक कम्पनीले जनाएको छ । आयोजना २ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य छ ।

संखुवासभाको जलजला गाविस र चैनपुर नगरपालिका भएर बग्ने हेवाखोलाबाट विद्युत् उत्पादन गर्न आयोजनाले २०६६ सालमा विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिप्राप्त गरेको हो ।

गत पुसमा प्राधिकरण र कम्पनीबीच विद्युत् खरिद–बिक्री सम्झौता (पीपीए) सम्पन्न भइसकेको छ । ऊर्जा मन्त्रालयले प्रवद्र्धकलाई विद्युत् उत्पादन अनुमतिपत्र (लाइसेन्स) दिइसकेको छ । लगानी सम्झौतामा प्रवद्र्धक कम्पनीका अध्यक्ष केशवबहादुर रायमाझी र एनएमबी बैंकको प्रमुख कार्यकारी अधिकृत उपेन्द्र पौडेलले हस्ताक्षर गरे ।

कारोबार, २०७२/१२/१६

# महँगो काबेली आयोजना बनाउँदै बीपीसी

बुटबल पावर कम्पनी लिमिटेड (बीपीसी) ले प्रतिमेगावाट २६ करोड ६० लाख रुपैयाँ खर्चेर काबेली 'ए' आयोजना बनाउने तयारी गरेको छ । यो लागत हाल निर्माणाधीन आयोजनाको भन्दा प्रतिमेगावाट झन्डै ८ करोडदेखि १० करोड रुपैयाँ बढी हो ।

हाल निजी लगानीमा प्रतिमेगावाट औसत १६ देखि १८ करोड रुपैयाँमा आयोजना निर्माण हुने गरेको छ । तर, ३७.६ मेगावाटको कावेलीमा बीपीसीले १० अर्ब रुपैयाँ लगानी गर्दै छ । हालको लगानी अवस्था हेर्दा १० अर्ब रुपैयाँले करिब ६० मेगावाटको आयोजना निर्माण हुनसक्छ ।

काबेली निजी क्षेत्रबाट निर्माण हुन लागेको हालसम्मकै सबैभन्दा महँगो आयोजना हो । बीपीसीले सहायक कम्पनी काबेली इनर्जी लिमिटेडमार्फत काबेली बनाउने तयारी गरेको छ । कम्पनीले प्रतिस्पर्धाबाट काबेली आयोजनाको लाइसेन्स पाएको हो ।

आयोजना महँगो भएको बीपीसीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) उत्तरकुमार श्रेष्ठ स्वीकार्छन् । "विश्वव्यापी बोलपत्रबाट लिँदा नै महँगो आयोजना भएकाले अन्यको तुलनामा लागत बढी देखिएको हो," उनले भने, "आयोजना आकर्षक नभए पनि विश्व बैंक र आईएफसीबाट सहुलियत ब्याजमा कर्जा पाएकाले बनाउन लागिएको हो ।"

उनका अनुसार आईएफसीले ५ र विश्व बैंकले ३ प्रतिशतभन्दा कम ब्याजमा आयोजनालाई कर्जा दिने सम्झौता गरेका छन् । आयोजनाको अनुमानित लागत १० अर्ब रुपैयाँ (९ करोड ९५ लाख डलर ) छ । कावेलीमा विश्व बैंक समूहबाट ७ अर्ब ८६ करोड रुपैयाँ (७ अर्ब ८६ लाख डलर) र बाँकी स्वपुँजीबाट लगानी हुँदैछ ।

आयोजनामा ऋण तथा स्वपुँजीको अनुपात ७७.५ र २२.५ प्रतिशत छ । कावेलीमा बीपीसीको ५३.५ प्रतिशत लगानी छ । आयोजना बनाउन सबै रकम जुटिसकेकको बीपीसीले जनाएको छ । सेयर संरचनाअनुसार आयोजनामा बीपीसी तथा इन्फ्राको एसियाको संयुक्त लगानीमा स्थापित गुराँस इनर्जी लिमिटेडको ६९ प्रतिशत लगानी छ । यस आयोजनामा गुराँसमार्फत २७.५ र प्रत्यक्ष रूपमा २६ गरी कुल ५३.५ प्रतिशत लगानी बीपीसीको हुनेछ ।

आयोजनाले ९ महिना दैनिक ६ घण्टाका दरले पुरा क्षमतामा विद्युत् उत्पादन गर्नुपर्ने विद्युत् प्राधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) मा उल्लेख छ । पोखरी नदी बहावमा आधारित आयोजना भएकाले लागत केही बढेको उनको तर्क छ । आयोजना निर्माणका लागि सिभिल तथा हाइड्रोमेकानिकल ठेकेदार नियुक्ति भइसकेको छ ।

यस्तै, इलेक्ट्रोमेकानिकल ठेकेदार नियुक्तिको प्रक्रिया अघि बढिरहेको छ । हालसम्म आयोजनामा ६४ करोड लगानी भइसकेको श्रेष्ठले जानकारी दिए । सन् २००९ मा प्रतिस्पर्धाबाट बीपीसीले आयोजना निर्माणको जिम्मा पाएको हो । । आयोजना सन् २०१९ डिसेम्बरसम्म सम्पन्न हुने उनले जानकारी दिए । आयोजना पूर्वी नेपालको ताप्लेजुङ र पाँचथर जिल्लामा पर्छ ।

कान्तिपुर, २०७२/१२/१६

# निर्माणाधीन मध्य– मोदीलाई विद्युत् समस्या

अगन्धर तिवारी

यहाँ निर्माणाधीन १५ दशमलव १ मेगावाटको मध्यमोदी जलविद्युत् आयोजनाका लागि आवश्यक विद्युत् उपलब्ध नहुँदा काम प्रभावित भएको छ । चौधरी ग्रुप र हिमाल हाइड्रोको संयुक्त लगानीमा निर्माणाधीन आयोजनाले निर्माणका क्रममा चाहिने बिजुली नपाउँदा काम अघि बढाउन अप्ठेरो परेको जनाएको छ ।

टनेल खन्ने, कंक्रिट गर्ने, मेटल जडान र हाउजिङ लगायतका प्राविधिक कामका लागि दैनिक २ हजार युनिट विद्युत् आवश्यक पर्नेमा हालसम्म निर्माणस्थलमा विद्युत् लाइनसमेत विस्तार भएको छैन । विद्युत् अभावमा जेनेरेटरबाट काम गर्दै आएको आयोजनाले त्यसका लागि दैनिक ७ सय लिटरसम्म डिजेल खर्च हुने गरेको जनाएको छ ।

'टनेल र मेटलको कामका लागि बढी विद्युत् चाहिन्छ,' परियोजना प्रबन्धक हरि देवकोटाले भने, 'छुट्टै लाइन माग्न धेरैपटक पर्वत वितरण केन्द्रमा गयौं । अहिलेसम्म पाइएन ।' जेनेरेटरका लागि डिजेल नपाएर लामो समयसम्म काम रोकिएको उनले बताए ।

आयोजनासम्म विद्युत् पुर्‍याउन करिब ३ किलोमिटरमा पोल गाड्ने र तार तान्नुपर्ने हुन्छ । टनेलको इन्लेट र आउटलेटबाट एकैपटक काम सुरु गर्ने योजना भए पनि विद्युत्कै कारण त्यो सम्भव नभएको उनले बताए । आयोजनाले विद्युत् प्राधिकरणको पर्वत वितरण केन्द्रसँग ११ केभीएको लाइन माग गरेको थियो । त्यसका लागि भदौमै ट्रान्सफर्मर ल्याएर राखिए पनि विद्युत्का कर्मचारीहरूले प्राविधिक कारण देखाउँदै लाइन दिन मानेका छैनन् ।

धमाधम काम गर्न पाए दैनिक २ हजार युनिट विद्युत्को काम हुनेमा अहिले जेनेरेटरबाटै सानोतिनो काम गरेर बस्नुपरेको कर्मचारीहरू बताउँछन् । विद्युत्बाट हुने क्लोयर फेन, कम्प्रेसर, कंक्रिट पम्प, सर्ट फिटिङ मेसिन र वेल्डिङ मेसिनलगायतको काम प्रभावित भएका छन् । आयोजनामा स्थानीयको अवरोध नभएकाले छोटो समयमा सक्ने लक्ष्य भए पनि नीतिगत र प्राकृतिक समस्याले काम रोकिएका हुन् ।

'अहिले सम्मको लक्ष्य २५ प्रतिशत थियो,' आयोजनाका जनसम्पर्क अधिकृत कृष्ण रिमालले भने, 'मुस्किलले ५ प्रतिशत मात्रै सकिएको छ ।' गत वैशाखको भूकम्प, मनसुन र नाकाबन्दीले आयोजनाको समय र लागत बढ्ने उनले बताए । २ अर्ब ८० करोडको लागतमा निर्माणाधीन आयोजना २०७१ मंसिरमा सुरु भएर २०७४ अन्तिमसम्ममा सम्पन्न गर्ने लक्ष्य हो ।

पर्वतको भुकताङले १ स्थित भाडखेतमा बाँध निर्माण गरी २८ सय मिटर सुरुङ मार्ग हुँदै देउपुर २ सिमखेतमा पावरहाउस बनाउने स्टिमेट छ । आयोजनाका मुख्य काम टनेल, पावरहाउस र बाँधमध्ये हालसम्म २ सय २० मिटर टनेलको काम मात्रै सकिएको छ ।

त्यससँगै आयोजना स्थलसम्म पुग्ने कच्ची सडक सकिएर मोदीखोलामा बेली ब्रिज निर्माणको काम सुरु भएको छ । ‘अझै पनि पम्पहरूमा तेल पाइएको छैन,’ प्रबन्धक देवकोटाले भने, ‘अमलेखगन्ज पुगेर ल्याउनुपर्दा समय र खर्च बढी लाग्छ ।’

सरकारले निर्माणाधीन आयोजनाहरूलाई इन्धन सहज बनाउने निर्णय गरे पनि त्यो लागू नभएको उनले बताए ।

अभियान, २०७२/१२/१७

# बूढीगण्डकी जलविद्युत् आयोजना

*काम थोरै हल्ला धेरै*

उक्त आयोजना रू. २ खर्ब ५४ अर्ब ९५ करोड ५० लाखको लागतमा निर्माण गरिने अनुमान गरिएको छ । आयोजना विकास समितिले आयोजना निर्माण शुरू भएपछि क्षतिपूर्ति र पुनःस्थापना गरिने बताएको छ । घर/जग्गा अधिग्रहण, बालीको नोक्सानी, फलफूल र रूखको नोक्सानीको क्षतिपूर्ति दिने तयारीमा आयोजना छ ।

दर्बुङ (गोरखा) । गोरखा र धादिङको सीमा भइ बगिरहेको बूढीगण्डकी नदीमा जलाशययुक्त बाँध बनाएर १ हजार २ सय मेगावाट विद्युत् उत्पादन गर्ने तयारी भए पनि योजनाअनुरूप काम अघि बढ्न सकेको छैन । सो आयोजना कुन मोडल (विकास समिति कि कम्पनी)अनुसार बनाउने टुङ्गो लागेको छैन ।

यद्यपि, आयोजनाले प्रभावित बनाउने जिल्लाका १४ गाविस र धादिङका १३ गाविसमा जग्गा किनबेच कारोबार भने बढेको छ । बूढीगण्डकी प्रभावित क्षेत्रका बासिन्दाले शेयर, मुआब्जा र रोजगारी पाइने आशमा अत्यधिक मूल्यमा जग्गा किनबेच गरिरहेका छन् । गोरखा र धादिङका मालपोत कार्यालयमा जग्गा पास गर्नेको घुइँचो लाग्ने गरेको छ ।

हालै वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरिएको सो आयोजनाको काम बूढीगण्डकी जलविद्युत् आयोजना विकास समितिमार्फत् हुँदै आएको छ । फ्रान्सको ट्र्याक्टबेल इञ्जिनीयरिङ, नेपालको जेड कन्सल्ट प्रालि र नेपाल इन्भारोमेण्टल एण्ड साइण्टिफिक सर्भिसेज प्रालिको संयुक्त समूहले प्रतिवेदन तयार गरेको हो ।

आयोजनाबारे बूढीगण्डकी प्रभावितलाई चिन्ता र चासो बढेको छ । भूकम्पले भत्काएका घर पुनर्निर्माण शुरू गर्ने कि नगर्नेमा अन्योलमा उनीहरू छन् । बूढीगण्डकी किनार क्षेत्रमा पर्ने आर्खेत बजारदेखि घ्याल्चोक गाविससम्मका बासिन्दा पूरानै ठाउँमा घर बनाउने÷नबनाउने दोधारमा छन् । ऋण, धन गरी बनाएको घर केही वर्षमै डुबानमा पर्ने चिन्ता छ ।

'नयाँ घरको मुआब्जा नपाइने कुराले पीर छ,' दर्बुङ गाविस–६ की रीता धमला भन्छन् । जलाशयले डुबाउने क्षेत्रका बासिन्दालाई मुआब्जा दिएर सुरक्षित ठाउँमा सार्नुपर्ने उनको भनाइ छ । 'हामीलाई सुकुमबासी बनाएर आयोजनाको काम अघि बढ्न दिन्नौैं,' धमलाले भने ।

आयोजनाको कामले तीव्रता पाउन नसकेका बेला प्रभावितको इच्छा र माग झन् उच्च हुँदै गएको छ । आयोजना बन्दा ८ हजार १ सय १७ घरधुरी प्रत्यक्ष प्रभावित हुने तथा ३ हजार ६ सय ६० घरधुरी पूर्णरूपमा विस्थापित हुने अध्ययनले देखाएको छ । करीब २० हजार मानिस विस्थापित हुनेछन् । आयोजनाका कारण ६ हजार ८ सय ११ घरधुरीले हाल भोगचलन गरेको जग्गाको १० प्रतिशतभन्दा बढी जग्गा गुमाउनुपर्ने हुन्छ । 'खेत, पाखोबारी, भीर, पखेराको बेग्लाबेग्लै मुआब्जा दिनुपर्छ,' फुजेलका गोकुल पन्तले भने । शेयर र रोजगारीको ग्यारेण्टीको समेत उनीहरूको माग छ ।

नाम्जुङका सन्तोष पोखरेलले डुबान क्षेत्रमा विकास निर्माणको काम ठप्प भएकोप्रति चिन्ता व्यक्त गरे । 'आयोजना बन्ने कहिले हो, टुङ्गो छैन, अहिलेदेखि नै विकास बजेट काटिएको छ,' उनले भने । धादिङको खरी गाविसका महेन्द्र दवाडी राजनीतिक हस्तक्षेपका कारण आयोजना निर्माणमा ढिलाइ भएको बताउँछन् । राजनीतिक हस्तक्षेप नभए आयोजना निर्माणमा स्थानीयबाट कुनै अवरोध नहुने उनको भनाइ छ ।

फुजेलका डिल्लीराम पन्त पुनःनापी गरेपछि मात्रै मुआब्जा वितरण गनुपर्नेमा जोड दिन्छन् । आयोजनाले ३ वर्षयता सुरुङ खन्ने, कार्यालय स्थापना गर्न जग्गा खरीद, घ्याल्चोकमा सम्पर्क कार्यालय स्थापना तथा बूढीगण्डकी प्रभावितलाई आयोजनाबारे जानकारी दिने काम मात्रै गरेको छ ।

उक्त आयोजना रू. २ खर्ब ५४ अर्ब ९५ करोड ५० लाखको लागतमा निर्माण गरिने अनुमान गरिएको छ । आयोजना विकास समितिका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटा आयोजना निर्माण शुरू भएपछि क्षतिपूर्ति र पुनःस्थापना गरिने बताउँछन् । घर/जग्गा अधिग्रहण, बालीको नोक्सानी, फलफूल र रूखको नोक्सानीको क्षतिपूर्ति दिने तयारीमा आयोजना छ ।

यस्तै, प्रभावित गाविसमा विद्यालय विकास कार्यक्रम, सामुदायिक स्वास्थ्य, सरसफाइ कार्यक्रम, बूढीगण्डकी रिङरोड, विद्युत् प्रसारण लाइन निर्माण, खानेपानीका मुहान संरक्षणलगायत कार्यक्रम सञ्चालन गरिने समितिले सार्वजनिक गरेको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख छ । *रासस*

गोरखापत्र/अन्नपुर्ण पोष्ट, २०७२/१२/१७

# बूढीगण्डकी आयोजनामा काम थोरै, हल्ला धेरै

गोरखा र धादिङ्को सीमा भइ बगिरहेको बूढीगण्डकी नदीमा जलाशययुक्त बाँध बनाएर एक हजार २०० मेगावाट विद्युत् उत्पादन गर्ने तयारी भए पनि आयोजना क्षेत्रमा तीव्ररुपमा काम अघिबढेको छैन। आयोजना कुन मोडल विकास समिति कि कम्पनी अनुसार बनाउने भन्ने टुंगो लागेको छैन।

आयोजनाले प्रभावित बनाउने जिल्लाका १४ गाविस र धादिङ्का १३ गाविसमा जग्गा किनबेच कारोबार भने बढेको छ। बूढीगण्डकी प्रभावित क्षेत्रका बासिन्दाले शेयर, मुआब्जा र रोजगारी पाइने आशमा अत्यधिक मूल्यमा जग्गा किनबेच गरिरहेका छन्। गोरखा र धादिङ्का मालपोत कार्यालयमा जग्गा पास गर्नेको घुइँचो लाग्ने गरेको छ।

हालै बातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजानिक गरिएको सो आयोजनाको काम बूढीगण्डकी जलविद्युत् आयोजना विकास समितिमार्फत् हुँदै आएको छ। फ्रान्सको ट्रेक्टाबेल इञ्जिनियरिङ नेपालको जेड कन्सल्ट प्रालि र नेपाल इन्भारोमेन्टल एण्ड साइन्टिफिक सर्भिसेज प्रालिको संयुक्त समूहले प्रतिवेदन तयार गरेको हो।

आयोजनाबारे बूढीगण्डकी प्रभावितलाई चिन्ता र चासो बढेको छ। भूकम्पले भत्काएका घर पुनर्निर्माण सुरु गर्ने कि नगर्नेमा अन्योलमा उनीहरु छन्। बूढीगण्डकी किनार क्षेत्रमा पर्ने आर्खेत बजारदेखि घ्याल्चोक गाविससम्मका बासिन्दा पूरानै ठाउँमा घर बनाउने÷नबनाउने दोधारमा छन्।

ऋण, धन गरी बनाएको घर केही वर्षमै डुवानमा पर्ने चिन्ता छ। 'नयाँ घरको मुआब्जा नपाइने कुराले पिरपरेको छ' दर्वुङ गाविसकी रीता धमला भन्छिन्। जलाशयले डुबाउने क्षेत्रका बासिन्दालाई मुआब्जा दिएर सुरक्षित ठाउँमा सार्नुपर्ने उनको सुझाव छ।

**बूढीगण्डकी प्रभावित क्षेत्रका बासिन्दाले शेयर, मुआब्जा र रोजगारी पाइने आशमा अत्यधिक मूल्यमा जग्गा किनबेच गरिरहेका छन्।**

आयोजनाको कामले तीव्रता पाउन नसकेका बेला प्रभावितको इच्छा र माग झन् उच्च हुँदै गएको छ । आयोजना बन्दा आठ हजार एक सय १७ घरधुरी प्रत्यक्ष प्रभावित हुने तथा तीन हजार ६ सय ६० घरधुरी पूर्णरुपमा विस्थापित हुने अध्ययनले देखाएको छ । करिब २० हजार मानिस विस्थापित हुनेछन्।

आयोजनाका कारण छ हजार आठ सय ११ घरधुरीले हाल भोगचलन गरेको जग्गाको १० प्रतिशतभन्दा बढी जग्गा गुमाउनुपर्ने हुन्छ ।‘ खेत, पाखोबारी, भीर, पखेराको बेग्लाबेग्लै मुआब्जा दिनुपर्छ', फुजेलका गोकुल पन्तले भने । सेयर र रोजगारीको ग्यारेन्टीको समेत उनीहरूको माग छ।

फुजेलका डिल्लीराम पन्त पुनःनापी गरेपछि मात्रै मुआब्जा वितरण गनुपर्नेमा जोड दिन्छन्। आयोजनाले तीन वर्षयता सुरुङ खन्ने, कार्यालय स्थापना गर्न जग्गा खरिद, घ्याल्चोकमा सम्पर्क कार्यालय स्थापना तथा बूढीगण्डकी प्रभावितलाई आयोजनाबारे जानकारी दिने काम मात्रै गरेको छ।

आयोजना दुई खर्ब ५४ अर्ब ९५ करोड ५० लाखको लागतमा निर्माण गरिने अनुमान गरिएको छ। आयोजना विकास समितिका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटा आयोजना निर्माण सुरु भएपछि क्षतिपूर्ति र पुनःस्थापना गरिने बताउँछन्। घर÷जग्गा अधिग्रहण, बालीको नोक्सानी, फलफूल र रुखको नोक्सानीको क्षतिपूर्ति दिने तयारीमा आयोजना छ।

यस्तै प्रभावित गाविसमा विद्यालय विकास कार्यक्रम, सामुदायिक स्वास्थ्य, सरसफाई कार्यक्रम, बूढीगण्डकी रिङरोड, विद्युत् प्रसारण लाइन निर्माण, खानेपानीका मुहान संरक्षणलगायतका कार्यक्रम सञ्चालन गरिने समितिले सार्वजनिक गरेको वातावरणीय प्रभाव मूल्यांमन प्रतिवेदनमा उल्लेख छ।**रासस**

कारोबार, २०७२/१२/१७

# दूधकोसी दोस्रोको वातावरणीय प्रभाव मूल्यांकन

२३० मेगावाट क्षमताको दूधकोसी–२, जलेश्वर जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक गरिएको छ । सोलुखुम्बुको देउसा र जुबुको सीमाबाट बाँध तथा खोटाङको जलेश्वरी–४ देम्लीटारमा पावरहाउस रहने दूधकोसी दोस्रोको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक गरिएको हो ।

सुरु गरिएको ५ वर्षमा पूरा हुने भनिएको आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन जलेश्वरीको देम्लीटारमा कार्यक्रम गरी प्रभावित क्षेत्रका स्थानीय, जिल्लास्थित राजनीतिक दल, जिविस, वन कार्यालयका प्रतिनिधिको उपस्थितिमा सार्वजनिकीकरण गरिएको छ ।

१०४ मिटर लम्बाइ र ४२ मिटर उचाइको बाँधबाट ५ किलोमिटर लामो भूमिगत हेडरेस सुरुङमार्फत देम्लीटारमा दूधकोसीको पानी खसाइने दूधकोसी जलविद्युत् प्रालिका निर्देशक जनकराज खनालले बताए । नेपाल सरकारको इन्भारोन्मेन्टल एन्ड साइन्टिफिक सर्भिसेज प्रालि र भारतको आरएस इन्भाइरोलिंक टेक्नोलोजिज प्रालिले संयुक्तरूपमा जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार पारेको हो ।

प्रतिवेदनमा आयोजनाको निर्माण क्षेत्रको भूवनोट, भूगर्भ, मौसम, जलप्रणाली, भूउपयोग, जमिनको स्थिरता, नदीमा थिग्रने पदार्थको अवस्था, हिमताल फुटेर बाढी आउन सक्ने सम्भावनालगायतका विषयहरू समेटिएका छन् ।

राजधानी, २०७२/१२/१७

# ऊर्जा संकट विधेयक बनाउन समिति

उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझीले ऊर्जा संकट निवारण विधेयकसहित जलविद्युत्का नयाँ विद्युत् तर्जुमा गर्न, संशोधन गर्न समिति गठन गरेका छन् ।
राष्ट्रिय ऊर्जा संकट तथा विद्युत् विकास दशकसम्बन्धी कार्ययोजना २०७२ अन्तर्गत संकट निवारण विधेयकलगायत बनाउन दुई महिनाको समय तोकी रायमाझीले मन्त्रिस्तरीय निर्णयबाट समिति गठन गरेका हुन् ।
ऊर्जा मन्त्रालयका सह–सचिव कौशलचन्द्र सुवेदीको संयोजकत्वमा गठित समितिमा ऊर्जा, कानुन र अर्थ मन्त्रालयका उपसचिव, ऊर्जा र विद्युत् विकास विभागका सिनियर डिभिजनल इन्जिनियर तथा नेपाल विद्युत् प्राधिकरण र जल तथा ऊर्जा आयोगका प्रतिनिधि सदस्य छन् । कार्ययोजनामा तीन महिनाभित्र ऊर्जा संकटकालको विधेयक तयार गर्ने उल्लेख भए पनि ६ फागुनमा मन्त्रिपरिषद्बाट कार्ययोजना पारित भए पनि बल्ल ऊर्जा मन्त्रालयले समिति गठन गरेको हो ।
समितिलाई विद्युत् विधेयक, विद्युत् नियमन आयोग विधेयक, नेपाल विद्युत् प्राधिकरण ऐन संशोधन, कार्ययोजना अनुसारका अन्य ऐन, कानुन संशोधन तथा नयाँ तय गर्नका लागि जिम्मेवारी दिइएको छ ।
जलविद्युत् आयोजनामा सबैभन्दा समस्याका रूपमा देखिएको वातावरणसम्बन्धी प्रक्रियालाई सरलीकरण गर्न विभागका उपमहानिर्देशक नवीनराज सिंहको संयोजकत्वमा समिति गठन गर्ने निर्णय पनि मन्त्रालयले गरेको छ ।
त्यसैगरी ऊर्जा क्षेत्रको विद्युत् माग प्रक्षेपण, खपतको मूल्यांकन, स्रोत प्रतिस्थापन, नीति तर्जुमा, उत्पादन, उत्पादन÷वितरण÷प्रसारण लाइनको गुरुयोजना, अध्यावधिकलगायतका जल तथा ऊर्जा आयोगको पुनःसंरचना गरी थप क्रियाशील बनाउने प्रयोजनका लागि आयोग सचिवालयलाई लेखी पठाउने निर्णयसमेत गरेको छ ।
त्यसैगरी, कार्ययोजनामा उल्लेख भए अनुसार मूल्य अभिवृद्धि कर फिर्ताबापत्को सहुलियत व्यवस्था गर्ने तथा आयकर छुटबारे आर्थिक ऐनमा समावेश गर्न एक महिनाभित्र प्रतिवेदन दिने गरी विद्युत् विकास विभागलाई जिम्मा दिने निर्णय पनि मन्त्रालयले दिएको छ । त्यसैगरी, राष्ट्रिय ऊर्जा सुरक्षा नीति तयार गर्न ऊर्जा मन्त्रालयको नीति तथा वैदेशिक समन्वय महाशाखा प्रमुखका साथै विद्युत् प्राधिकरणको आर्थिक विनियमावलीलाई सार्वजनिक खरिद ऐनअनुसार बनाउन विद्युत् प्राधिकरणलाई जिम्मा दिने निर्णय गरेको छ ।
त्यसैगरी, जलाशययुक्त आयोजना निर्माण गर्न विद्युत् विकासका उपमहानिर्देशक मधुप्रसाद भेटुवालको संयोजकत्वमा समिति गठन गर्नुका साथै चीन मिलबाट खरिद गर्ने विद्युत्बारे विद्युत् खरिद सम्झौता (पीपीए) को मस्यौदा १५ दिनभित्र तयार गर्न निर्देशन दिने निर्णय पनि प्राधिकरणले गरेको छ । त्यसैगरी पहिरो र भूकम्पबाट क्षतिग्रस्त जलविद्युत् आयोजनाको सहुलियतबारे दुई महिनाभित्र कार्यविधि तयार गर्न विभागका उपमहानिर्देशक चिरञ्जीवी चटौतको संयोजकत्वमा समिति
गठन गर्ने निर्णय पनि मन्त्रालयले गरेको छ ।
त्यसैगरी, मन्त्रालयले वन मन्त्रालयले लगाएको वातावरणीय शुल्क (पीईएस) हटाउनका लागि सम्बन्धित मन्त्राललाई अनुरोध गर्ने, सौर्य र वायु ऊर्जाका लागि प्रतिस्पर्धामार्फत आह्वान गर्ने तथा यी आयोजनासँग लिऊ वा तिरको सिद्धान्त अनुसार पीपीए को व्यवस्था गर्न प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको छ ।

राजधानी, २०७२/१२/१७

# दूधकोसी दोस्रोको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक

***युवराज रोइला***

२ सय ३० मेगावाट क्षमताको दूधकोसी–२ जलेश्वर जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक गरिएको छ ।सोलुखुम्बुको देउसा र जुबुको सीमाबाट बाँध तथा खोटाङको जलेश्वरी–४ देम्लिटारमा पावरहाउस रहने दूधकोसी दोस्रोको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक गरिएको हो । सुरु गरिएको पाँच वर्षमा पूरा हुने भनिएको आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन जलेश्वरीको देम्लिटारमा कार्यक्रम गरी प्रभावित क्षेत्रका स्थानीय, जिल्लास्थित राजनैतिक दल, जिविस, वन कार्यालयका प्रतिनिधिको उपस्थितिमा सार्वजनिकीकरण गरिएको छ । १ सय ४ मिटर लम्बाइ र ४२ मिटर उचाइको बाँधबाट पाँच किलोमिटर लामो भूमिगत हेडरेस सुरुङमार्फत देम्लटारमा दूधकोसीको पानी खसाइने
दूधकोसी जलविद्युत प्रालिका निर्देशक जनकराज खनालले बताए । नेपाल सरकारको इन्भारोन्मेन्टल एन्ड साइन्टिफिक सर्भिसेज प्रालि र भारतको आरएस इन्भाइरोलिंक टेक्नोलोजिज प्रालिले संयुक्त रूपमा जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार पारेको हो ।

प्रतिवेदनमा आयोजनाको निर्माण क्षेत्रको भू–वनोट, भू–गर्भ, मौसम, जलप्रणाली, भू–उपयोग, जमिनको स्थिरता, नदीमा थिग्रने पदार्थको अवस्था, हिमताल फुटेर बाढी आउन सक्ने सम्भावनालगायतका विषयहरु समेटिएका छन् ।

कान्तिपुर, २०७२/१२/१७

# थपिँदै बिजुली, १४ महिनाभित्र ९५८ मेगावाट

बलराम बानियाँ

आगामी आर्थिक वर्ष (०७४ असार) भित्र राष्ट्रिय प्रसारण लाइनमा आन्तरिक उत्पादनबाट ३ सय ५८ मेगावाट बिजुली थपिने भएको छ । यही अवधिमा भारतबाट थप ६ सय मेगावाट बिजुली आयात गर्न सकिनेछ ।

ऊर्जा मन्त्रालयका एक अधिकारीका अनुसार आगामी एक वर्षभित्र हुने आन्तरिक उत्पादन वृद्धि र भारतबाट आयात गर्न सकिने थप बिजुलीका कारण वर्षायाममा पूर्णरूपमा लोडसेडिङ अन्त्य हुन सक्नेछ भने हिउँदमा समेत लोडसेडिङ न्यून मात्र रहनेछ । हाल बिजुलीको माग १३ सय मेगावाट छ भने उत्पादन ८ सय २९ मेगावाट (५३ मेगावाट थर्मल प्लान्टसहित) मात्र छ । नेपालले लोडसेडिङ घटाउन हाल भारतबाट ३ सय १५ मेगावाट हाराहारीमा आयात गरिरहेको छ ।

आगामी वर्ष बिजुलीको माग बढेर १ हजार ४ सय २३ मेगावाट पुग्ने प्रक्षेपण विद्युत् प्राधिकरणको छ । त्यतिबेलासम्म मुलुकमा निर्माणाधीन जलविद्युत् आयोजनामध्ये ४० वटाको निर्माण सम्पन्न भई त्यसबाट ३ सय ५८ मेगावाट बिजुली उत्पादन सुरु भइसक्नेछ ।

ती अधिकारीका अनुसार निजी क्षेत्रका ३८ आयोजना सम्पन्न भई ३ सय १४ मेगावाट बिजुली उत्पादन सुरु हुनेछ भने विद्युत् प्राधिकरण (सरकार) ले निर्माण गरिरहेका आयोजनाबाट ४४ मेगावाट बिजुली थपिनेछ । प्राधिकरणले निर्माण गरिरहेको ३० मेगावाटको चमेलिया र १४ मेगावाटको कुलेखानी तेस्रोले आगामी मंसिरबाटै विद्युत् उत्पादन सुरु गर्ने ऊर्जा सचिव सुमन शर्माले बताए । ती ४० आयोजना बनेपछि बिजुलीको कुल उत्पादन ८ सय २९ बाट ११ सय ८७ मेगावाट पुग्ने अनुमान ऊर्जा मन्त्रालयको छ ।

आगामी एक वर्षभित्र भारतबाट थप ६ सय मेगावाटसम्म बिजुली आयात गर्न सकिने पनि मन्त्रालयका अधिकारीको भनाइ छ । आन्तरिक उत्पादन र भारतबाट थप आयात हुने बिजुलीबाट वर्षायाममा पूर्णरूपमा लोडसेडिङ अन्त्य हुनेछ ।

ती अधिकारीका अनुसार ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमा ४ सय केभीको सबस्टेसन निर्माण र ढल्केबर–इनरुवा विद्युत् नाकाको स्तरोन्नति गर्ने काम एक वर्षभित्र पूरा हुनेछ । त्यसमार्फत् भारतबाट थप ६ सय मेगावाट बिजुली आयात गर्न सकिने सरकारको ऊर्जा संकट निवारण तथा विद्युत् विकास दसक कार्ययोजनामा उल्लेख छ ।

ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनको क्षमता वृद्धि गर्न प्राधिकरणले ढल्केबरमा २२० केभीको सबस्टेसन निर्माण गरिरहेको छ । सबस्टेसनको निर्माण आगामी दसैंसम्म पूरा हुनेछ । त्यसमार्फत थप १ सय २० मेगावाट आयात गर्न सकिने छ । यो थप हुने बिजुलीले दसैंमा सर्वसाधारणलाई

राहत पुग्नेछ । अन्तरदेशीय प्रसारण लाइनको क्षमता बढाउन २२० केभीपछि ढल्केबरमा ४ सय केभीको सबस्टेसन एक वर्षभित्र बनाइसक्ने योजना विद्युत् प्राधिकरणको छ ।

ऊर्जा मन्त्रालयका अनुसार यस वर्षको अन्तिमसम्ममा सम्पन्न भई बिजुली उत्पादन सुरु हुने आयोजनाहरूमा अपर मस्र्याङ्दी ए ५० मेगावाट, अपर मादी २५, अपर चाकु २२.२, हेवा खोला ए १४.९, अपर माई ९.९८, फावा ४.९५, पिखुवा २.४८, झ्याङी खोला २, दरौंदी खोला ६, गेलुङ खोला ३.२, सार्दी खोला ४, सभा खोला ४, दरम खोला ए २.५०, छ्याङ्दी खोला २, टुंगुन ठोस्ने ४.३६, खानी खोला २, माई क्यास्केड ७, मङ्यु १३, थापा खोला ११.२०, अपर माई सी ५.१, दारी खोला ३.७५, माई साना क्यास्केड ८ मेगावाट छन् ।

यी आयोजनाबाट २ सय ६ मेगावाट बिजुली उत्पादन हुनेछ । तर भूकम्प र नाकाबन्दीका कारण झन्डै नौ महिना काम रोकिएकाले यस वर्षको अन्तिमसम्ममा सकिने भनिएका आयोजनाहरूबाट विद्युत् उत्पादन सुरु हुन थप छ महिना लाग्न सक्नेछ । यीमध्ये अपर माईसहित तीन आयोजनाबाट बिजुली उत्पादन सुरु भइसकेको जानकारी मन्त्रालयका अधिकारीले दिए ।

आर्थिक वर्ष २०७३/०७४ को अन्तिमसम्ममा सम्पन्न हुने आयोजनामा अपर दोर्दी ए २२ मेगावाट, तल्लो मोदी २०, फलाँखु खोला १३.७, चाके २.८३, जुम्दी १.७५, थेउले १.५, ताडी ५, अपर मैलुङ ए ५, जोगमाई ७.६, अपर पराजुली २.१५, लोहोरे ४.२, मिदिम करापु ३, रुदी ए ६.८, कपाडी गाड ३.३३, घलेम्दी खोला ४ र पुवा खोला ए ४ मेगावाट छन् । यी आयोजनाबाट १ सय ६ मेगावाट बिजुली उत्पादन हुनेछ ।

राजधानी, २०७२/१२/१८

# ऊर्जाका लागि केन्द्रीय योजना प्राधिकरण

ऊर्जा क्षेत्रको विकासका लागि केन्द्रीय योजना प्राधिकरण गठन गर्न जोड दिइएको छ ।जलविद्युत्को माग, ऊर्जा सुरक्षाको ग्यारेन्टीलगायतका ऊर्जाको एकीकृत विकासका लागि प्राधिकरण गठनमा जोड दिइएको हो । एसियाली विकास बैंक (एडीबी) को सहयोगमा नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको नेपालको ऊर्जा अर्थबारेको सेमिनारमा कार्यपत्र प्रस्तुत गर्दै नेपाल विद्युत् प्राधिकरणका उपकार्यकरी निर्देशक शेरसिंह भाटले हालसम्म केन्द्रीय नीति र योजना नहुँदा समस्या परेकाले सबैलाई समेट्नका लागि ऐनमार्फत प्राधिकरण गठनको आवश्यकता आंैल्याए ।

उनले माग र वितरण प्रणाली, प्रसारण लाइनको उपलब्धता, बजार र आर्थिक अवस्थाको आधारमा जलविद्युत्को अनुमतिपत्र दिनुपर्ने व्यवस्था गर्नुपर्ने, सरकार–सरकारबीच सम्झौता गरेर छिमेकी मुलुकलाई ठूला जलविद्युत् आयोजनामा लगानीको अवसर दिनुपर्ने, अधिकार सम्पन्न नियम आयोग बनाउनुपर्ने, विद्युत् विकास विभाग, प्राधिकरणलगायतको क्षेत्रगत सुधार गर्ने गरी कानुन आवश्यक रहेको बताए ।

विद्युत् व्यापारलाई व्यवस्थित बनाउन, क्यापटिभ जेनेरेसनको विद्युत् खरिद सम्झौता (पीपीए) निर्धारण गर्ने, उपभोक्ताको अधिकार ग्यारेन्टी गर्ने गरी कानुनी व्यवस्था गनुपर्ने उनले बताए । यो सेसनमा ऊर्जा मन्त्रालयका सह–सचिव डा. सञ्जय शर्माले बदलिँदो परिस्थितिमा ऊर्जा क्षेत्रको ऐन कानुनलाई परिमार्जन गर्ने गरी अघि बढेको बताए । त्यसैगरी स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान) का महासचिव कुमार पाण्डेले जलविद्युत् उत्पादन बढाउन उपयुक्त वातावरण अझै नभएको बताउँदै यसका लागि सरकार गम्भीर बनाउनुपर्ने बताए ।

कार्यक्रमको उद्घाटन गर्दै उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझीले आगामी वर्षभित्र ऊर्जामा उथलपुथल गर्ने बताएका छन् । उनले जलविद्युत्को उत्पादन, वितरण, पसारणलगायतको गुरुयोजना बनाएर दु्रतगतिमा अघि बढ्ने बताए ।

‘सरकारले १० वर्षभित्र १० हजार मेगावाट उत्पादन गर्ने लक्ष्यसहित ऊर्जा संकटकालको कार्ययोजना अघि सारिएको छ,’ उनले भने,‘यस वर्ष भूकम्प, नाकाबन्दी, तराई आन्दोलन, हिउँद र वर्षामा कम पानी पर्नु लगायतका कारणले लोडसेडिङ बढे पनि आगामी वर्ष भने योजना दु्रतगतिमा अघि बढेर ऊर्जा क्षेत्रमा उथलपुथल हुन्छ ।’

एडीबीका नेपाल प्रमुख केनिची योकोहामाले ऊर्जा क्षेत्रमा नेपालले गम्भीर भएर काम गर्नुपर्ने बताउँदै एडीबी आवश्यक सहयोग गर्न तयार रहेको बताए । जलविद्युत्, प्रसारण, वितरण र सोलार आयोजनामा सहयोग गरिरहेको बताउँदै ऊर्जा क्षेत्रमा २ अर्ब सहयोग गर्न लागेको जानकारी दिए ।

कार्यक्रमअन्तर्गत जलविद्युत् विकासमा राजनीतिक प्रतिबद्धता विषयक सेसनमा तराई मधेस लोकतान्त्रिक पार्टीका उपाध्यक्ष हृदयश त्रिपाठी, संसद्को कृषि तथा जलस्रोत समिति सभापति गगन थापा र विकास समितिका सभापति रवीन्द्र अधिकारीले राजनीति र विकास एक साथ अघि नबढ्दा त्यसले गम्भीर असर गरेको बताउँदै ऊर्जा क्षेत्रमा सरकार, कर्मचारीतन्त्र र निजी क्षेत्रभित्र पनि समस्या रहेकाले सच्चाएर एकसाथ अघि बढ्नुपर्ने बताए ।

विद्युत् प्राधिकरणको पुनर्संरचना बारेको सेसनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख सूर्यनाथ उपाध्याय, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. गोविन्दराज पोखरेल, नेपाल उद्योग वाणिज्य महासंघ ऊर्जा समितिका सभापति ज्ञानेन्द्रलाल प्रधानले संस्थागत संरचना परिवर्तन गरेर प्रतिस्पर्धी बनाउनुपर्ने बताए ।

कान्तिपुर, २०७२/१२/१८

# ऊर्जाबारे सर्वपक्षीय बहस हुँदै

ऊर्जा संकल विषयलाई लिएर सर्वपक्षीय बहस हुने भएको छ । नेपाल ईञ्जिनियरिङ्ग पेशाकर्मी संघले यसैसाता राजधानीमा आयोजना गर्न लागेको हो ।

चैत २१ गते हुने बहसमा पन्चेश्वर विकास प्रधिकरणका कार्यकारी प्रमुख इन्जिनियर महेन्ऽबहादुर गुरुङले ‘पंचेश्वर आयोजनाको सन्दर्भमा उर्जा सुरक्षा र जलविद्युत विकासका सम्भावना र चुनौतिहरु’ विषयक कार्यपत्र प्रस्तुत गर्ने छन् ।

कार्यपत्रमाथि एमाले नेता तथा पूर्व ऊर्जामन्त्री गोकर्ण विस्ट, काग्रेस नेता तथा जलश्रोतविज्ञ इन्जिनियर लक्ष्मणप्रसाद घिमिरे र एमाओवादीका लिलामणि पोखरेलगायतले टिप्पणी गर्ने छन् ।

‘महाभुकम्प र भारतको अघोषित नाकावन्दीले मुलुकको अर्थतन्त्र थलापारेको अवस्थामा हामी ऊर्जाको विषयको उठान गर्नलागेका हौं,’ संघका अध्यक्ष डा.माधव कोइरालाले विज्ञप्तिमा भनेका छन्, ‘बढ्दो लोड सेडिङको समस्याले गंभिर संकट पैदा भएको छ । अकोतर्फ एक अनुसन्धानले ८३ हजार मेघावाटको श्रोतको सम्भावना छ भनेको छ ।

सम्भावना र चुनौतीको बहसले नीति निर्माताहरुलाई पुर्‍याउन जरुरी रहेको छ ।’ उक्त बसह कार्यक्रममा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको आतिथ्य रहने जनाइएको छ ।

*प्रकाशित: चैत्र १८, २०७२*

गोरखापत्र, २०७२/१२/१८

# ‘नीति कार्यान्वयन नहुँदा ऊर्जा क्षेत्रको विकास भएन’

प्रभावकारी नीति भए पनि त्यसको व्यावहारिक कार्यान्वयन नहुँदा ऊर्जा क्षेत्रको विकास हुन नसकेको सरोकारवालाले बताएका छन् ।

जलविद्युत् क्षेत्रको विकासका लागि ल्याइएका नीतिनियमको कार्यान्वयन गलत भएको र सरकार परिवर्तन भएलगत्तै व्यवस्थापनमा आउने बदलाबका कारण पनि समस्या भएको जानकारी उनीहरुको भनाइ छ ।

नेपाल आर्थिक पत्रकार समाज(सेजन)ले आज यहाँ आयोजना गरेको ‘नेपालको ऊर्जा क्षेत्रको विकास’ विषयक कार्यशालालाई सम्बोधन गर्दै उपप्रधानमन्त्री एवम् ऊर्जामन्त्री टोपबहादुर रायमाझीले ऊर्जा क्षेत्रको विकासका लागि सरकारले योजनाबद्ध रुपमा कार्यक्रम अगाडि बढाए पनि कार्यान्वयन पक्ष फितलो भएको बताउनुभयो ।

उहाँले १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ सरकारले ऊर्जा सङ्कट निवारणकाल घोषणा गरेको र विगतका कमीकमजोरीलाई सच्याएर अगाडि बढिने उल्लेख गर्नुभयो ।

आगामी दुई वर्षभित्र पूर्णरुपमा विद्युत्भार कटौतीमुक्त गरिने र नेपाललाई नयाँ दिशामा लैजाने ऊर्जामन्त्री रायमाझीको भनाइ थियो ।

व्यवस्थापिका–संसद्, कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले सदनका तर्फबाट सबै प्रकारका उल्झन हटाउने प्रयास गरे पनि सरकारले नै ऊर्जा क्षेत्रको विकासमा ध्यान दिन नसकेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो– “आठ पटकभन्दा बढी नयाँ विद्युत् ऐन र नियमन आयोग ऐन ल्याउन सरकारलाई निर्देशन दिइयो, मन्त्री र सचिवले पटक–पटक प्रतिबद्धता पनि जनाउनुभयो । तर हालसम्म कुनै पनि निर्देशन कार्यान्वयन भएको छैन । आयोजनाका फरक–फरक समस्या समाधान गर्न पनि पटक–पटक भन्यौं, तर अवस्था जहाँको तही छ ।”

व्यवस्थापिका–संसद्, विकास समितिका सभापति रवीन्द्र अधिकारीले इच्छाशक्तिको अभावमा नै नेपालको ऊर्जा क्षेत्रको विकास हुन नसकेको स्पष्ट पार्नुभयो ।

विद्यमान ऐन, नियम, कानुनको कार्यान्वयन गर्नेतर्फ सम्बद्ध पक्षले ध्यान नदिएका कारण समस्या समाधान हुनुको साटो बल्झदै गएको भन्दै उहाँले ठूलाठूला सपना देखाएरभन्दा पनि सानासाना कामबाटै अगाडि बढ्दा ठूलो प्रतिफल प्राप्त हुने भएकाले त्यसमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

तराई–मधेस लोकतान्त्रिक पार्टीका सहअध्यक्ष हृदयेश त्रिपाठीले गलत संस्कार र कामचोर प्रवृत्तिका कारण नेपालको भौतिक पूर्वाधारका क्षेत्रमा प्रगति हुन नसकेको उल्लेख गर्नुभयो । कार्यक्रममा ऊर्जा मन्त्रालयका सहसचिव डा सञ्जय शर्माले ऊर्जा सङ्कट निवारणकालमा निद्दष्ट गरिएका विषयलाई सम्बोधन गर्न सरकारले योजनाबद्ध रुपमा काम गरिरहेको जानकारी दिनुभयो ।

प्राधिकरणका उपकार्यकारी निर्देशक शेरसिंह भाट, नेपाल उद्योग वाणिज्य महासङ्घका ऊर्जा विभाग प्रमुख ज्ञानेन्द्रलाल प्रधान, स्वतन्त्र ऊर्जा उत्पादकको संस्था(इपान)का महासचिव कुमार पाण्डे, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले सरकारको तत्परता र क्रियाशीलता रहने हो भने चार÷पाँच वर्षभित्र १० हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने बताउनुभयो । रासस

अन्नपुर्ण पोष्ट, २०७२/१२/१८

# राहुघाटमा कर्मचारीलाई सेयर दिलाउन चलखेल

*विकास थापा*

विद्युत् प्राधिकरणले एकलौटी रूपमा निर्माण सुरु गरिसकेको राहुघाट जलविद्युत् आयोजनालाई कम्पनी मोडेलमा परिणत गरी कर्मचारीलाई सेयर दिलाउन चलखेल सुरु भएको छ। चलखेलमा परामर्शदाता वापकोसले पनि साथ दिएको खुलेको छ।

प्रक्रिया छोट्याएर सक्दो चाँडो जलविद्युत् आयोजना निर्माण गर्न मन्त्रिपरिषद्ले 'ऊर्जा संकट कार्ययोजना' पारित गरेका बेला निर्माण सुरु भइसकेको राहुघाटलाई कम्पनी मोडेलमा परिणत गरी आयोजनाको क्षमता ३२ बाट ४० मेगावाट पुर्याउने, एउटै ठेकेदारलाई आयोजना निर्माणको ठेक्का दिलाउने, प्राधिकरण कर्मचारीलाई सेयर दिने प्रस्ताव आएको छ। यसो गर्दा लागत २० प्रतिशत वृद्धि हुने, निर्माण अवधि बढ्ने र थप वित्तीय व्यवस्थापन गर्ने समय लाग्ने हुँदा प्राधिकरणले निर्णय गर्न सकेको छैन।

'अब बस्ने सञ्चालक समिति बैठकमा प्रस्तावबारे छलफल हुनेछ', प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले बुधबार अन्नपूर्णसँग भने, 'अहिले यसै भन्न सकिन्न।'यसअघि आपूmहरूको सेयर नरहेको प्राधिकरणको पूर्ण स्वामित्वको माथिल्लो त्रिशुली थ्री एको क्षमता ६० बाट ९० मेगावाट बनाउने सरकारी निर्णय कर्मचारीकै विरोधका कारण असफल भएको थियो।

प्राधिकरण आपूmले निर्माणका लागि लाइसेन्स पाएका आयोजना कम्पनी मोडेलमा परिणत गरी कर्मचारीले सेयर हत्याउँदै आएका छन्। सेयर लिएपछि आपूmले भनेजति विद्युत् खरिद सम्झौता (पीपीए) दर पाइने, कर्मचारीले नै आयोजनामा हालिमुहाली गर्ने, प्राधिकरणको वित्तीय अवस्था खस्किने तर यस्ता सहायक कम्पनीको सेयरको बजारभाउ भने वृद्धि भएर कर्मचारी मोटाउँदै आएका छन्।

**राहुघाटलाई कम्पनी मोडेलमा पारित गरी आयोजनाको क्षमता ३२ बाट ४० मेगावाट पुर्याउन प्रस्ताव**

'प्राधिकरण दुब्लाउने तर सेयर लिएर कर्मचारी मोटाउने भएपछि यो ऐननियमविपरीत हुन्छ,' प्राधिकरणकै एक अधिकारीले भने।तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले माथिल्लो अरुण (३३५ मेगावाट) को लाइसेन्स प्राधिकरणलाई दिँदा 'प्राधिकरणका कर्मचारीले सेयर हाल्न नपाउने' सर्त राखेका थिए।

राहुघाटको सिभिल ठेकेदार भारतीय कम्पनी आइभीआरसीएलले काम गर्न नसकेपछि प्राधिकरण सञ्चालक समितिले जेठ २४ मा सिभिलतर्पmको सम्पूर्ण ठेक्का रद्द गरेको थियो । ठेकेदारले मुद्दामामिला गरी यसलाई अड्काएपछि पुनरावेदन अदालत पाटनले मुद्दाको किनारा लगाएको थियो ।

त्यसपछि सिभिलको ठेक्काका लागि प्रतिस्पर्धा गर्नुपर्नेमा उल्टै आयोजनालाई एउटै प्याकेज बनाई इपीसी मोडेलमा कम्पनीमार्फmत कार्यान्वयनका लागि प्रस्ताव गरिएको अन्नपूर्णलाई प्राप्त कागजपत्रमा उल्लेख छ।

आयोजनाको प्रस्तावमा पूर्वयोग्यतामा छनोटमा परिसकेका इलेक्ट्रो-मेकानिकल र हाइड्रो-मेकानिकल लटलाई रद्द गरी एउटै प्याकेज बनाउने उल्लेख छ। यसरी एउटै प्याकेज बनाउँदा यसको थप वित्तीय व्यवस्थापन गर्न समय लाग्ने, निर्माण कार्य लम्बिने र लागतसमेत लम्बिने आयोजना अधिकारी बताउँछन्।

ठेक्का रद्द हुनुअघि यसको लागत आठ अर्ब २७ करोड रुपैयाँ थियो। यो सन् २०१६ मा सम्पन्न भइसक्नुपर्ने थियो। 'इपिसीमा जाँदा यसको लागत घटीमा २० प्रतिशतसम्म वृद्धि हुन्छ,' ती अधिकारीले भने।

नेपाल-भारतबीच २०६४ भदौ २८ मा नेपाललाई १० करोड अमेरिकी डलर लाइन अफ क्रेडिट (सहुलियतपूर्ण ऋण) दिने सम्झौता भएको थियो । सम्झौताअन्तर्गत राहुघाटको सिभिल निर्माण र परामर्शमा तीन करोड १० लाख डलर खर्च गर्ने निर्णय भएको थियो।

यसपछि २०६७ कात्तिक १८ मा सिभिलको निर्माण सम्झौता भएको थियो। त्यसपछि २०६८ फागुन ४ मा भारतको टाटा कन्सलट्यान्ट र लार्सन एन्ड टर्बाेको सहकार्यमा वापकोसलाई परामर्शदाता नियुक्त गरिएको थियो।

यसको इलेक्ट्रोमेकानिकल, हाइड्रोमेकानिकल र प्रसारण लाइन निर्माणमा भने २०६८ असोज १७ मा नेपाल-भारतबीच भएको २५ करोड अमेरिकी डलरको सहुलियतपूर्ण ऋणबाट तीन करोड ७० लाख डलर खर्च गर्ने प्रबन्ध भइसकेको छ।

वित्तीय बन्दोबस्ती भइसकेपछि आयोजनाले त्यतिबेला इलेक्ट्रोमेकानिकल र हाइड्रोमेकानिकल लटको पूर्वयोग्यताको प्रस्ताव आह्वान गरी परेका प्रस्तावको मूल्यांकन गरेर पूर्वयोग्य कम्पनीको सूची प्रकाशित गरिसकेको छ।

'अब क्षमता बढाउँदा र निर्माणको मोडेल परिवर्तन गर्दा भारतीय एक्जिम बैंक, भारत सरकारदेखि ऊर्जा मन्त्रालयसम्म सहमति लिनुपर्ने हुन्छ,' आयोजनाका ती अधिकारीले भने, 'यी सबै खेल कर्मचारीका सेयरका लागि हो। आयोजना छिटो बनोस् भन्ने नियतले होइन।'

अभियान,   २०७२/१२/१९

# जलविद्युत् विकासबारे विज्ञको मत : नीतिगत र संस्थागत सुधारसहित कार्यान्वयनमा जोड

जलविद्युत् क्षेत्रका नीतिनिर्माता, विज्ञ, आयोजना विकासकर्ता र निजीक्षेत्रका प्रतिनिधिहरूले ऊर्जाको विकासका लागि नीतिगत र संस्थागत सुधार कार्यलाई उच्च प्राथमिकता दिएका छन् । साथै, भएका सुधारलाई अन्तर मन्त्रालय र सरोकारवाला मन्त्रालयभित्रका तहहरूबीच पनि समन्वय गरेर काम गर्न सके अपेक्षित उपलब्धि प्राप्त गर्न कठिन नहुने उनीहरूको भनाइ छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले बिहीवार राजधानीमा आयोजना गरेको एक दिने राष्ट्रिय कार्यशालाका सहभागीले उक्त कुरा बताएका हुन् ।

नयाँ बनाइने विद्युत् नीतिमा केन्द्रीय योजना प्राधिकरणको व्यवस्था हुनुपर्ने नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक शेरसिंह भाटले बताए । यस्तो निकाय नहुँदा विद्युत्को राष्ट्रिय मागको प्रक्षेपण तथा वितरण र प्रसारणसम्बन्धी योजना निर्माण हुन नसकेको उनको भनाइ छ । भाटका अनुसार अन्तर निकाय र एउटै निकायको पनि विभिन्न तहमा हुने प्रक्रियागत ढिलाइ पनि आयोजनाको समस्याका रूपमा रहेको छ ।

'प्राधिकरणको निर्माणबाट उल्लिखित समस्या समाधान हुनेछन्,' उनले भने ।

अहिले ऊर्जासम्बन्धी योजना तर्जुमा र मस्यौदाको काम जल तथा ऊर्जा आयोगको सचिवालयको जिम्मामा छ । त्यहाँ सचिवालय मात्र छ, तर आयुक्त भने छैन । त्यस्तै, नयाँ बन्ने नीतिमा सरकार–सरकारबीच हुने (जीटुजी) जलविद्युत्सम्बम्धी सहयोगबारेमा पनि व्यवस्था हुनुपर्नेमा भाटले जोड दिए । 'यस्तो व्यवस्था भए नेपाल–चीन वा नेपाल– भारत सरकारको तहमा 'डिल' हुने र त्यहाँका कम्पनीले नेपालमा सीधै आयोजना निर्माण गर्न पाउने व्यवस्था राख्दा आयोजना छिटै सम्पन्न हुनेछन्,' उनले भने ।

ऊर्जा मन्त्रालयका सहसचिव डा. सञ्जय शर्माले आयोजनाको प्राथमिकीकरण र अनुमतिपत्र प्राप्तिका विषय सरल बन्ने गरी नयाँ ऐन मस्यौदा हुनुपर्ने बताए । 'त्यस्तै लगानी व्यवस्थापन र निजीक्षेत्रको प्रवद्र्धन, संस्थागत विकास, विद्युत् व्यापारका व्यवस्थापन, प्रसारण लाइनको विकासलगायतका व्यवस्थालाई केन्द्रित गर्नुपर्छ,' उनले भने ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपालका महासचिव कुमार पाण्डेले ऊर्जाक्षेत्रमा लगानी गर्न निजीक्षेत्रलाई खुल्ला गरेर मात्र नपुग्ने बताए र भने, 'निजीक्षेत्रले बेहोर्नुपर्ने जोखीमबारे पनि स्पष्ट हुन आवश्यक छ ।' अहिले जोखीमजति निजीक्षेत्रलाई थोपरिएको छ, यसरी ऊर्जाको विकास हुँदैन,' उनले थपे ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले नयाँ मस्यौदा भइरहेका २ ओटा ऐनलाई कार्यान्वयन गर्न सकिए सकारात्मक परिणाम आउने सम्भावना रहेको बताए । दुईमध्ये पहिलो ऊर्जा सङ्कट निवारणलाई केन्द्रित गरेर र अर्को जलविद्युत्को समग्र क्षेत्रलाई नियमन गर्ने गरी तयारी भइरहेको उनको भनाइ छ ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्दराज पोखरेलले नेपाल विद्युत् प्राधिकरणलाई टुत्र्mयाउने काम बुद्धिमत्तापूर्वक थाल्नुपर्ने बताए । नेपाल उद्योग वाणिज्य महासङ्घ, ऊर्जा समितिका सभापति ज्ञानेन्द्रलाल प्रधानले अहिलेको संरचना र ऐन निमयले केही नहुने भएकाले आमूल परिवर्तन आवश्यक रहेको बताए ।

कार्यक्रममा तराई मधेश लोकतान्त्रिक पार्टीका उपाध्यक्ष हृदयेश त्रिपाठी, नेपाली काङ्ग्रेसका गगन थापा र एमालेका

रवीन्द्र अधिकारीले संसदीय समितिमा बसेर विकास निर्माणका काममा अधिकतम प्रयत्न गरिरहेको अनुभव सुनाए ।

**‘गुरुयोजना’ अब कार्ययोजना बन्दै : ऊर्जा मन्त्री**

उपप्रधान तथा ऊर्जामन्त्री टोपबहादुर रायमाझीले फागुन ६ गते मन्त्रिपरिषद्ले पारित गरेको ‘राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणापत्र २०७२’ कार्ययोजना बन्ने क्रममा रहेको बताएका छन् । ‘अब त्यसलाई परिणाममुखी बनाउनु नै सरकारको मुख्य लक्ष्य हो,’ सेजनले आयोजना गरेको राष्ट्रिय कार्यशालामा उनले भने । उनका अनुसार निर्माणाधीन आयोजना सम्पन्न गर्ने कार्यलाई तीव्रता दिइने छ भने नयाँ योजनाहरूलाई कार्यान्वयनमा ल्याइने छ । ऊर्जामा पहिलो प्राथमिकता देशलाई आत्मनिर्भर बनाउने र त्यसपछि मात्र निर्यात गर्ने रणनीति अपनाउनुपर्ने उनको भनाइ थियो । छिमेकी देश चीन र भारतसँग ऊर्जा आवश्यक हुँदा लिने र बढी हुँदा निर्यात गर्ने गरी सहकार्य गर्नुपर्नेमा उनले जोड दिए ।

अभियान, २०७२/१२/१९

# ऊर्जा पहुँचमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार

मुलुक सङ्घीय गणतन्त्रमा प्रवेश गरिसकेको सन्दर्भमा ऊर्जामा उपभोक्ताको पहुँच विस्तारका लागि सङ्घ, प्रदेश र स्थानीय तहको भूमिकाको खोजी भएको छ ।

शुक्रबार नेपाल ऊर्जा प्रतिष्ठान र इन्स्टिच्युट फर सोसियल एण्ड इन्भायोमेन्टल ट्रान्जिसन (आइएसइटी) नेपालद्धारा आयोजित एक कार्यक्रममा वक्ताहरुले मुलुकको आर्थिक विकासको पूर्वाधार ऊर्जाको उपयोग बढाउन सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार कानूनमा स्पष्ट उल्लेख गर्नुपर्ने धारणा राखे ।

सो अवसरमा ऊर्जा मन्त्रालयका सहसचिव दिनेश घिमिरेले द्विपक्षीय एवम् बहुपक्षीय लगानीमा निर्माण हुने तथा निर्यात गरिने ठूलो विद्युत् आयोजना सङ्घबाट, स्वदेशी खपतका लागि निर्माण हुने आयोजना प्रदेशबाट र वैकल्पिक ऊर्जाका परियोजनाहरु स्थानीय सरकारले सञ्चालन गर्ने गरी संविधानमा व्यवस्था भएअनुसार नै ऊर्जा नीति कानूनहरु तर्जुमा हुने बताए । सरकारले हालै ल्याएको ऊर्जा सङ्कट कार्ययोजनाले पनि यसमा धेरै व्यवस्था गरेको उनको भनाइ छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव उदयराज सापकोटाले संविधानअनुसार चैत महीनाभित्रै ६३ ओटा नयाँ कानून तर्जुमा गर्नुपर्ने र सङ्घ, प्रदेश र स्थानीय तहलाई के कति अधिकार प्रदान गर्ने भन्ने बारेमा छलफल भइरहेको उल्लेख गरे ।

जल तथा शक्ति आयोगको सचिवालयमा सहसचिव जीवत्स मण्डलले मुलुकको दिगो ऊर्जा विकास र आमजनतामा ऊर्जाको पहुँच विस्तार गर्न एकीकृत ऊर्जा नीतिको खाँचो औंल्याउँदै जलविद्युत्मा इथियोपियाली जस्तै नेपालले आफ्नै मोडेल विकास गर्नुपर्ने धारणा राखे । फाउण्डेसनका अध्यक्ष मोहनदास मानन्धरले ऊर्जा विकासको मुख्य आधार भएकाले यसलाई आमजनताको पहुँचमा पुर्‍याउन ऊर्जाको उपलब्धता, भरपर्दो आपूर्ति र सबैले खपत गर्न सक्नेखालको हुनुपर्ने बताए ।

आइएसइटीका अजय दीक्षितले ग्रामीण विद्युतीकरण, नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा नेपालले प्राप्त गरेको सफलतालाई स्कीकृत गरी ऊर्जाको समग्र विकास गर्न नयाँ नीति बन्नुपर्ने र कानूनहरुमा परिमार्जन गर्नुपर्नेमा जोड दिए । *रासस*

गोरखापत्र, २०७२/१२/१९

# ऊर्जा पहुँचमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार

मुलुक सङ्घीय गणतन्त्रमा प्रवेश गरिसकेको सन्दर्भमा ऊर्जामा उपभोक्ताको पहुँच विस्तारका लागि सङ्घ, प्रदेश र स्थानीय तहको भूमिकाको खोजी भएको छ । नेपाल ऊर्जा प्रतिष्ठान र इन्स्टिच्युट फर सोसियल एण्ड इन्भायोमेन्टल ट्रान्जिसन ९आइएसइटी० नेपालको आयोजनामा भएको एकदिवसीय गोष्ठीका सहभागी वक्ताहरुले मुलुकको आर्थिक विकासको पूर्वाधार ऊर्जाको उपयोग बढाउन सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार कानुनमा स्पष्ट उल्लेख गर्नुपर्ने धारणा राखे ।

सो अवसरमा ऊर्जा मन्त्रालयका सहसचिव दिनेश घिमिरेले द्विपक्षीय एवम् बहुपक्षीय लगानीमा निर्माण हुने तथा निर्यात गरिने ठूलो विद्युत् आयोजना सङ्घबाट, स्वदेशी खपतका लागि निर्माण हुने आयोजना प्रदेशबाट र वैकल्पिक ऊर्जाका परियोजनाहरु स्थानीय सरकारले सञ्चालन गर्ने गरी संविधानमा व्यवस्था भएअनुसार नै ऊर्जा नीति कानुनहरु तर्जुमा हुने बताउनुभयो । सरकारले हालै ल्याएको ऊर्जा सङ्कट कार्ययोजनाले पनि यसमा धेरै व्यवस्था गरेको उहाँँको भनाइ छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव उदयराज सापकोटाले संविधानअनुसार चैत महिनाभित्रै ६३ वटा नयाँ कानुन तर्जुमा गर्नुपर्ने र सङ्घ, प्रदेश र स्थानीय तहलाई के कति अधिकार प्रदान गर्ने भन्ने बारेमा छलफल भइरहेको उल्लेख गर्नुभयो ।

जल तथा शक्ति आयोगको सचिवालयमा सहसचिव जीवत्स मण्डलले मुलुकको दिगो ऊर्जा विकास र आमजनतामा ऊर्जाको पहुँच विस्तार गर्न एकीकृत ऊर्जा नीतिको खाँचो औँल्याउँदै जलविद्युत्मा इथियोपियाली जस्तै नेपालले आफ्नै मोडेल विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

फाउन्डेसनका अध्यक्ष मोहनदास मानन्धरले ऊर्जा विकासको मुख्य आधार भएकाले यसलाई आमजनताको पहुँचमा पु¥याउन ऊर्जाको उपलब्धता, भरपर्दो आपूर्ति र सबैले खपत गर्न सक्नेखालको हुनुपर्ने बताउनुभयो ।

आइएसइटीका अजय दीक्षितले ग्रामीण विद्युतीकरण, नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा नेपालले प्राप्त गरेको सफलतालाई स्कीकृत गरी ऊर्जाको समग्र विकास गर्न नयाँ नीति बन्नुपर्ने र कानुनहरुमा परिमार्जन गर्नुपर्नेमा जोड दिनुभयो ।

गोष्ठीमा प्रतिष्ठानका डिल्लीराज घिमिरे र दिलराज खनालले ऊर्जा पहुँचमा प्रान्तीय र स्थानीय सरकारको भूमिका तथा महेश आचार्यले प्रादेशिक र स्थानीय सरकारअन्तर्गत ऊर्जा पहुँचमा क्षेत्रीय अभ्याससम्बन्धी छुट्टाछुट्टै प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि छलफल गरिएको थियो ।

सो अवसरमा प्रतिष्ठानले प्रकाशन गरेको 'नेपाल इनर्जी आउटलुक' को विमोचन पनि गरिएको थियो ।

गोष्ठीमा जिविस महासङ्घका पूर्व सभापति कृष्णप्रसाद देवकोटा, महासङ्घका प्रवक्ता कृष्णप्रसाद जैसी, सबैका

लागि ऊर्जा कार्यक्रमका प्रतिधिनिधि सुमन वस्नेत, वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका सतीष गौतम, ऊर्जाविद् देवेन्द्रप्रसाद अधिकारी, प्रतिष्ठानका रोजन बज्राचार्यलगायतका वक्ताहरुले पनि मुलुकको वर्तमान ऊर्जा परिदृश्यका बारेमा चर्चा गर्दै सङ्घीय स्वरुपमा स्थानीय निकायलाई ऊर्जा विकासमा अधिकारसम्पन्न गराउनुपर्नेमा जोड दिनुभयो । रासस